
# लेखापरीक्षण प्रतिवेदन

# सिम्ता गाउँपालिका, सुर्खेत

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सिम्ता गाउँपालिका, सुर्खेत

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
२०८२ वैशाख महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/465

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुर्खेत।

**कैफियतसहितको राय**

हामीले सिम्ता गाउँपालिका, सुर्खेत आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ५७ लाख ३२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७ लाख ८५ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु.३ करोड २० लाख १० हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १४ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. २ लाख ४० हजार समेत गरी रु.१३ करोड ९१ लाख ८२ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ५१ करोड ९४ लाख, ९४ हजारको लेखापरीक्षण गरिएकोमा रू. ५ करोड १९ लाख ३९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया पेश नभएकोले बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू. ८ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ३५ लाख २१ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ९८ हजार र

पेस्की बाँकी रु. ७४ लाख ४८ हजार रहेको छ। गत वर्षसम्म रु.२५ करोड ५६ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको रु. ५ करोड १९ लाख ३९ हजार थप हुँदा हालसम्मको अद्यावधिक बेरुजू रु. ३० करोड ७६ लाख २२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सिम्ता गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८७ | ९९ | ५,१९,३९,१४८ | ० | ० | ० | ० | ८७ | ९९ | ५,१९,३९,१४८ | ८,७२,०३२ | २,००,९८,५३४ | २,३५,२०,५८३ | ० | ० | ४,३६,१९,११६ | ७४,४८,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | २५,५६,८३,००० | ० | ० | २५,५६,८३,००० | ० | ५,१९,३९,१४८ | ३०,७६,२२,१४८ |

बेरुजु सम्परीक्षणको विवरण : पेश नभएको ।

# (८०६६८५०४३०० - सिम्ता गाउँपालिका, सुर्खेत )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। कुल ९ वडामा ५० सभा सदस्य रहेको पालिका २४१.६४ वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार ८३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०९।२३ देखि २०८१ ।१०।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु.१ अर्ब ५१ करोड ९४ लाख, ९४ हजारको लेखापरीक्षण गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** उक्त रकमको विवरण अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५,७९,१९२/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| विवरण | रकम |
|---|---|
| छात्रवृत्ती वापतको बढी निकासा | १८९५० |
| प्रशिक्षक भत्ता | ११००० |
| दहत्तर बहत्तर हर्जना | १०००८ |
| गाउँसभा र गाउँकार्यपालिकाको बढी बैठक भत्ता भुक्तानी | १०९९०५ |
| पदाधिकारी बढी सुविधा | ५५८०० |
| कर्मचारी प्रोत्साहन भत्ता | ९२६४ |
| सुशासन समिति बैठक भत्ता | १८७०० |
| वडा समिति बैठक | १४६८८० |
| जिल्ला भित्र भ्रमण भत्ता | ९३०० |
| अनुगमन भत्ता | २१२५० |
| बैठक भत्ता | १६८१३५ |
| **जम्मा** | **५७९१९२** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैर बजेट निकाय) | | | |
|---|---|---|---|
| आ.व. : २०८०/८१अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | |
| **क्र.सं.** | **विवरण** | **यसवर्षको रु.** | **गतवर्षको रु.** |
| १ | कर | ९,५५,८३,४६१.०० | ८,९९,५५,७५४.४८ |
| २ | अनुदान | ३९,५१,७५,३९५.५७ | ४८,८९,२३,०८६.०० |
| ३ | अन्यराजस्व | ४७,५९,३६८.१२ | ५६,५५,५९५.८७ |
| ४ | विविधप्राप्ति | ६६,५८३.०० | १८,००,०००.०० |
| **क** | **कुलजम्माप्राप्ति** | **४९,५५,८४,८०७.६९** | **५८,६३,३४,४३६.३५** |
| **१** | **चालु** | **४१,९८,२०,१३४.३२** | **४२,३०,७४,८२६.१२** |
| १.१ | पारिश्रमिक / सुविधा | २४,८५,६१,११५.८५ | २३,८२,४९,७२८.९५ |
| १.२ | मालसामानतथासेवाकोउपयोग | १२,४७,७४,५५८.३० | १२,६४,७९,८५७.१८ |
| १.३ | सहायता (Subsidy) | २६,९४,२००.०० | १,५८,३४,८५३.०० |
| १.४ | सामाजिकसुरक्षा | ८५,६०,९००.०० | ८५,८४,०६९.०० |
| १.५ | अन्यखर्च | ३,५२,२९,३६०.१७ | ३,३९,२६,३१७.९९ |
| **२** | **पूंजीगत** | **१२,६१,५८,६२८.१८** | **१४,९३,३३,३७६.०९** |
| २.१ | भवनतथासंरचना | २,३९,९१,६६७.०० | १,४१,४६,१५२.०० |
| २.२ | सवारीसाधन,मेशिनरीऔजार, फर्निचर्सतथाफिक्चर्स | ६५,६१,६५७.०० | ७४,०३,२९२.०० |
| २.३ | अन्यपूँजीगतखर्च | ० | १४,९८,४४७.०० |
| २.४ | सार्वजनिकनिर्माण | ९,५६,०५,३०४.१८ | १२,६२,८५,४८५.०९ |
| **ख)** | **कुलजम्माभुक्तानी** | **५४,५९,७८,७६२.५०** | **५७,२४,०८,२०२.२१** |
| ग) | बचत /कमी (ग = क-ख ) | (५,०३,९३,९५४.८१) | १,३९,२६,२३४.१४ |
| घ) | धरौटीतथाअन्यकोषकोमौज्दातकोथप/घट (+/-) | (१,२९,४९,०५५.३१) | ८६,७७,१०४.५८ |
| घ.१) | कट्टीरकमभुक्तानी/दाखिलागर्नबाँकी | (४,२९,४५१.००) | (१३,६३,५०८.७३) |
| ङ) | यसआ.ब.कोमौज्दात (बचत /(कमी)) (ङ = ग+घ) | (६,३३,४३,०१०.१२) | २,२६,०३,३३८.७२ |
| च) | गतआ.व.कोनगदतथाबैंकमौज्दात | ८,७६,३३,५६१.४१ | ६,५०,३०,२२२.६९ |
| **छ)** | **आ.व. अन्तकोबाँकीनगदतथाबैंकमौज्दात (ज= ङ+च)** | **२,४२,९०,५५१.२९** | **८,७६,३३,५६१.४१** |

कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | १०६४५९९६० | १०५७३२२४१ | १०५७३२२४१ |
| ३७०००११६४ | एकिकृतस्वास्थ्य पुर्वाधार विकास | ३९२५३००० | ३२०१०३०२ | ३२०१०३०२ |
| ३३६००१०२३ | गरिवसँगविश्वेश्वर कार्यक्रम | ४१५००० | ४१४५६० | ४१४५६० |
| ३७०००११४३ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | १०८०००० | ७८५००० | ७८५००० |
| **जम्मा** | | **१४७२०७९६०** | **१३८९४२१०३** | **१३८९४२१०३** |

प्रदेश लेखा इकाईबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिकमामिला तथा कानून मन्त्रालय | २४०००० | २४०००० | २४०००० |
| **जम्मा** | | **२४००००** | **२४००००** | **२४००००** |

२.२ **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०,५७,३२,२४१/-, एकिकृत स्वास्थ्य पूर्वाधार विकासको रु. ३,२०,१०,३०२/-, गरिवसँग विश्वेश्वर कार्यक्रमको रु. ४,१४,५६०/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७,८५,०००/- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. २,४०,०००/- समेत गरी रु. १३,९१,८२,१०३/- एकिकृत वित्तीय प्रतिवेदनमा समावेश छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. २,००,५५४/-, यस वर्षको प्राप्ति रु.२३,२२,८९,९०३/७४, यस वर्षको भुक्तानी रु. २३,२९,३१,३३०/१० र बाँकी मौज्दात रु. १,२५,०८,१८२/९५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ८७८३४११५.४१ | ७२७८७४७११.४३ | ७७८९१००९२.६० | ३६७९८७३४.२४ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ८७६३३५६१.४१ | ४९५५८४८०७.६९ | ५४५९७८७६२.५० | २४२९०५५१.२९ |
| **फरक** | **२००५५४.००** | **२३२२८९९०३.७४** | **२३२९३१३३०.१०** | **१२५०८१८२.९५** |

२.४ **बैङ्क हिसाव विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ । श्रेस्ता भन्दा बैंक खातामा बढी देखिएको रु. १४१२४०/६७ का सम्बन्धमा हिसाब मिलान हुनु पर्दछ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | ३६९९६.३८ | | (३६९९६) |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | ९८५४२७ | | (९८५४२७) |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | (५९९०) | | ५९९० |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | (८९७८) | | ८९७८ |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | १२९९९५१५.४५ | १४१५७८४२ | ११५८३२७ |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | ५४३५७२५.२९ | ५४३५७२५ | ० |
| विविध खर्च खाता (ग२-७) | १६५१२८८९.२ | १६९८३७७४ | ४७०८८५ |
| स्थानीय तह विविध कोष खाता (५-१) | ५१९९०५ | | (५१९९०५) |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | १८२००२.०१ | २२१३९२ | ३९३९० |
| **जम्मा** | **३६६५७४९२.३३** | **३६७९८७३३** | **१४१२४०.६७** |

२.५ **शसर्त अनुदान फिर्ता** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. २,६६,७०,२८४/४३ र प्रदेश सशर्त अनुदानतर्फ रु. ३६,५४,७९७/- खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८१/३/३१ मा फिर्ता गरेको देखिन्छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभई बाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २७८५६६०२५ | २५३०४३४४६.५७ | २५५२२५७८.४३ | २६६७०२८४.४३ |
| | विषेश | ६६९०६५७ | ५७९४७४८ | ८९५९०९ | |
| | समपुरक | १३९९९८० | ११४८१८३ | २५१७९७ | |
| **जम्मा** | | **२८६६५६६६२** | **२५९९८६३७७.५७** | **२६६७०२८४.४३** | |
| प्रदेश सरकार | शसर्त | २३२९८००० | २११७९७७९ | २११८२२१ | ३६५४७९७ |
| | विषेश | ५५४७६४५ | ४५०४७८३ | १०४२८६२ | |
| | समपुरक | ५२६०१७० | ४७६६४५६ | ४९३७१४ | |
| **जम्मा** | | **३४१०५८१५** | **३०४५१०१८** | **३६५४७९७** | |
| **कुल जम्मा** | | **३२०७६२४७७** | **२९०४३७३९५.५७** | **३०३२५०८१.४३** | **३०३२५०८१.४३** |

२.६ **दायित्व बाँकी** : पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं. २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ४,२९,४५१/- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२९,४५१ |

२.७

**खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ६४,१०,१५९/- राजस्व बाँडफाँटबाट रु. ९,४६,१५,६४६/- र अनुदानबाट रु.४२,५५,००,४७७/४३ समेत रु. ५२,६५,२६,२८२/४३ आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ४१,९८,२०,१३४/- र पूँजिगत तर्फ रु. १२,६१,५८,६२८/- समेत रु. ५४,५९,७८,७६२/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. १ करोड ४ लाख ८ हजार खर्च भएको छ जुन आन्तरिक आयको १६२.३७ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७६.८९ प्रतिशत चालु र २३.११ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

### ३ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०/३/१५ मा रु. ६२ करोड ९५ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/३/२४ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०/३/३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

### ४ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १२ करोड ६१ लाख ६९ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १० लाख ९२ हजार, दोश्रो त्रैमासिकमा रु. ८६ लाख ५ हजार, तेश्रो त्रैमासिकमा रु. ३ करोड १५ लाख ५३ हजार र चौथो त्रैमासिकमा रु. ८ करोड ४९ लाख ८ हजार खर्च गरेको छ । उक्त खर्च मध्ये असार महिनामा मात्रै रु. ५ करोड ९ लाख २६ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले एकिकृत पूर्वाधार र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम समेत रु. २३ करोड ५१ लाख २३ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. १ करोड ८९ लाख १७ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ३ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

### ५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च (प्रतिशतमा)** |
|---|---|---|---|
| आर्थिक विकास | ३१५८९८८६.१२ | २५५७३३६०.१८ | ८०.९५ |
| सामाजिक विकास | २९९८५६४२० | २६११२६५७४ | ८७.०८ |
| पूर्वाधार विकास | ७५३८९११६ | ५९३६४२८८ | ७८.७३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४७५०००० | १२६६८७४६ | ८५.८९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २०७९३८५०३.२५ | १८७२४५७९४.३२ | ९०.०५ |
| **जम्मा** | **६२९५२३९२५.३७** | **५४५९७८७६२.५०** | **८६.७२** |

## ६ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल २२९ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमकोनाम** | **योजनासङ्ख्या** | **रु.२०लाख माथिका** | **रु.५लाखदेखि२०लाखसम्म** | **रु.५ लाखभन्दाकम** |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १०२ | १५ | ८७ | ० |
| २ | वडास्तरीय | १२७ | ० | २ | १२५ |
| **जम्मा** | | **२२९** | **१५** | **८९** | **१२५** |
| **कार्यान्वयन भएका योजना** | | | | | |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ७ चौमासिक प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१२ **सवारी साधन र मेशिनरीको मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म.ले.प फारमले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

१३ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण

प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. ३ लाख ९६ हजार खर्च गरेको छ ।

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

- सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

- निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १२ लाख २५ हजार खर्च लेखेकोमा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्ने गरेको छैन साथै भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रू.३५ लाख ८८ हजार खर्च गरेको छ । पालिकाको आन्तरिक आम्दानी जम्मा रु. ६४ लाख १० हजार रहेकोमा उक्त आम्दानीको ५५.९७ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**१५ सेवाप्रवाहको स्थिति**

पालिकाबाट यो वर्ष जन्म दर्ता ९०५ वटा, मृत्यु दर्ता १८४ वटा, बसाइँसराइ १३६ वटा, विवाह दर्ता ३२९ वटा, सम्बन्ध विच्छेद दर्ता १६ वटा गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

**१६ फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१७ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

१८ **ऐनको कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

१९ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ऐन १५, नियमावली ४, कार्यविधि ७८, मापदण्ड निर्देशिका १२ र नीति १४ गरी जम्मा १२७ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वयन गर्नु पर्दछ ।

२० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा गत वर्षको फर्छयौट हुन बाँकी १० वटा यस वर्ष दर्ता भएका १५ वटा गरी २५ वटा मुद्दा दर्ता भएकोमा ९ मुद्दा फर्छयौट भई ७ मुद्दा फर्छयौट हुन बाँकी रहेको देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

२१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रशासन, शिक्षा, स्वास्थ्य, प्राविधिक, कृषि, आन्तरिक लेखापरीक्षण लगाएतका सेवामा अधिकृत र सहायक स्तरका गरी ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ३१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रसाकिय अधिकृत समेत प्रशासन, कृषि, लेखा र भेटेरीनरी तर्फका अधिकृत ४ र प्रशासन र कृषि तर्फका सहायक स्तर ३ गरी ७ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य पदपूर्ति हुन बाँकि पदमा छिटो पूर्ति गरी तथा फाजिलमा रहेकोलाई सम्बन्धित मन्त्रालयसँग समन्वय गरी जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२२ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा गाउँ प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकामा जम्मा १२२ जना कर्मचारी करारमा नियुक्त गरी रु. ३,९४,६३,९६०/- खर्च लेखेको छ । उक्त कर्मचारी मध्ये शसर्त अनुदानतर्फ बिभिन्न कार्यक्रमबाट ३० जना, स्थानीय सरकार सञ्चालन ऐनले तोकेको पदमा ५३ जना र उक्त ऐनले तोकेको बाहेकका पदमा ३९ जना कर्मचारी भर्ना गरेको देखियो । ऐनले तोके बाहेकका

देहायका १३ पदमा ३९ जना कर्मचारी करारमा राखी रु.१,४२,५०,५९०/- भुक्तानी गरेको पाइयो।कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | पद | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सव-ईन्जिनियर | २ | ९२२९८० | पालिका |
| २ | नेत्रसहायक | १ | ३८९६०० | पालिका |
| ३ | अ.सवईन्जिनियर | ३ | ११०६७९० | पालिका |
| ४ | सामाजिकपरिचालक | ५ | १८४४६५० | पालिका |
| ५ | लगतप्रविष्टिकर्ता | १ | ३६८९३० | पालिका |
| ६ | अ.न.मी. | १० | ३६६५०२० | पालिका |
| ७ | ल्यावअसिष्टेन्ट | ५ | १८४४६५० | पालिका |
| ८ | ना.प्रा.स.कृषि | २ | ५९०७९० | पालिका |
| ९ | ना.प.स्वा.प्रा.पशु | ५ | १८४४६५० | पालिका |
| १० | सा.प.भेटनरी जे.टि.ए. पशु | १ | ३६८९३० | पालिका |
| ११ | सा.मनोसामाजिककार्यकर्ता | २ | ५८१४७० | पालिका |
| १२ | पुस्तकालयसहायक | १ | ३६८९३० | पालिका |
| १३ | खेलप्रशिक्षक | १ | ३५३२०० | पालिका |
| | **जम्मा** | **३९** | **१४२५०५९०** | |
| १ | गाईहेरालु | २ | २८०००० | पालिका |
| २ | कार्यालयसहायक | ७ | २५८२५१० | पालिका |
| ३ | हेभीसवारी चालक | १ | ३३२८१६ | पालिका |
| ४ | ह.स.चा. | ३ | ६१६९६० | पालिका |
| ५ | JCB हेल्पर | १ | २५९६०० | पालिका |
| ६ | नगरप्रहरी | ४ | ११३२००० | पालिका |
| ७ | कार्यालयसहयोगी | ३१ | ८७२८१४० | पालिका |
| ८ | कुचीकार | २ | २१८००० | पालिका |
| ९ | माली | २ | २१८००० | पालिका |
| | **जम्मा** | **५३** | **१४३६८०२६** | |
| १ | सूचनाप्रविधि अधिकृत | १ | ५७७९५७ | शर्शत |
| २ | रोजगारसंयोजक | १ | ५७७९५७ | शर्शत |
| ३ | रोजगारसहायक | १ | ४६१४९० | शर्शत |
| ४ | प्राविधिकसहायक | १ | ४६१४९० | शर्शत |
| ५ | MIS अपरेटर | १ | ४६१४९० | शर्शत |
| ६ | MIS फिल्ड सहायक | २ | ४३७७२६ | शर्शत |

| | | | | |
|---|---|---|---|---|
| ७ | उद्यमविकास सहजकर्ता | २ | ७६३८६० | शर्शत |
| ८ | अ.हे.व. | ९ | ३३२०३७० | शर्शत |
| ९ | अ.न.मी. | ४ | १५००००० | शर्शत |
| १० | ना.प्रा.स.कृषि | १ | ५१६००० | शर्शत |
| ११ | कार्यालयसहयोगी | ७ | १७६७००४ | शर्शत |
| **जम्मा** | | **३०** | **१०८४५३४४** | |
| **कुल जम्मा** | | **१२२** | **३९४६३९६०** | |

| | |
|---|---|
| अनियमित भएको | १,४२,५०,५९० |

२३ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८०/८१ मा रु. ९३ लाख १३ हजार सुविधा वापत भुक्तानी भएको छ ।

२४ **खरिद व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९ करोड ८२ लाख ६० हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. ७५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ६४ लाख १० हजार (८५.४७ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिन आवश्यक देखिएको छ ।

| प्राप्तिकोश्रोत | वार्षिक अनुमान | असुली |
|---|---|---|
| ११३१३ - सम्पती कर | ० | १४२० |
| ११३१४ - भुमिकर/मालपोत | १०००००० | १२९३३०८.१९ |
| ११३१७ - वहाल कर | २००००० | १५२०८१ |
| ११३१८ - वहाल विटौरी कर | ० | ६४३४२१ |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | ० | ५००० |
| ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २००० |
| ११६९१ - अन्य कर | ११००००० | ७२७८२८.५५ |
| १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ७५०० |
| १४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ७०३२० |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ० | १३७५० |
| १४२२१ - न्यायिक दस्तूर | ५००० | ३८०१ |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | १५०० |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | २९८८२० |
| १४२४२ - नक्सापास दस्तुर | ० | ११५५ |
| १४२४३ - सिफारिश दस्तुर | ५००००० | ९३२८३० |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ४४६८०१ |
| १४२४५ - नाता प्रमाणित दस्तुर | २००००० | ७३३५० |
| १४२४९ - अन्य दस्तुर | ० | ५७२५० |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २९०२२२ |
| १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | १००० |
| १४२६५ - अन्य क्षेत्रको आय | ० | १८४८४६.५ |
| १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ५००० |
| १४५२९ - अन्य राजस्व | ७९५००० | १०९४८७१.६ |
| १४५३१ - सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ० | ७७०० |
| १४६११ - व्यवसाय कर | २००००० | २७८०० |
| १५१११ - बेरूजू | ३०००००० | ६६५८३ |
| **जम्मा** | **७५०००००** | **६४१०१५९** |

२७ **नवीकरण शुल्क**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने

व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्माण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

२८ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

२९ **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

३० **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ (३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नुपर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सवारी साधन मर्मतमा रु. ५३,७१,२७५/- र मेशिनरी औजार मर्मतमा रु. ९,१३,०४५/- समेत जम्मा रु. ६२,८४,३२०/- मर्मत खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । साथै फेरीएको पार्टपुर्जाको आंशिक मात्र जिन्सी दाखिला गरेको छ।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका सबै पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

३१ **सवारी साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सवारी साधन तथा मेशिनरी औजार भाडा वापत दैनिक सम्झौता गरी रु. ६,१७,०००/- खर्च गरेको छ । गाडीको भाडा भुक्तानी गर्दा कुन प्रयोजनको लागि, कहिले, कसले उपयोग गरेको हो सो खुल्ने सपष्ट आधार पेश भएन । पालिकामा ४ पाङ्ग्रे सवारी साधन र वडा सचिव तथा शाखा प्रमुखलाई मोटरसाइकलको सुविधा हुँदाहुँदै पनि सवारी साधन भाडामा लिएर सरकारी रकम खर्च गर्दा साधनको उच्चतम प्रतिफल हुनेगरी मितव्ययी तरिकाले खर्च नभएको पाइएको देखिन्छ ।पालिकाले पदाधिकारी तथा कर्मचारीहरुको विभिन्न समयमा विभिन्न व्यक्तिहरुसंग गाडी भाडामा लिई भ्रमणको स्पष्ट प्रयोजन र उदेश्य बेगर सवारी साधन सम्झौता समेत नगरी भर्पाईको आधारमा भुक्तानी गर्ने गरेको साथै गाडी भाडाको प्रचलित कानुनी दर नभई एकमुष्ठ भुक्तानी गर्ने परिपाटिले खर्चमा मितव्ययीता, प्रभावकारिता कायम नहुने देखिन्छ।यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३२ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम सार्वजनिक निकायले घर भाडामा लिनुपर्दा काठमाण्डौ उपत्यका बाहिर क्षेत्रिय वा जिल्ला स्तरको निकायको हकमा ७ दिनको सूचना कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयमा टाँस गर्नुपर्ने व्यवस्था रहेको छ । घर भाडा लिँदा उल्लेखित व्यवस्था बमोजिमको समिति गठन गरी मुल्य निर्धारण गरेको छैन । पालिकाले यो वर्ष घर भाडा वापत रु.७,५१,४००/- भुक्तानी गरेकोमा नियमावलीमा उल्लेख भए बमोजिम नभएको तथा पानी तथा विद्युतको महशुल आफ्नो उपयोग मापन गर्ने इकाईको आधारमा भुक्तानी नगरी अनुमानको आधारमा मात्र भुक्तानी गरेकोले तोकिएको प्रकृया बमोजिम घर भाडा संझौता गरी प्रचलित कानुनको पालना गर्नुपर्दछ ।

३३ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना/डीपीआर/आइईई लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको ५ वटा डिपिआर र ४ वटा आइईई समेत रु. ४५ लाख ६७ हजारको खरिद सम्झौता गरी परामर्शदाताबाट कार्य गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | शतिशकला पार्कको विस्तृत परियोजना प्रतिवेदन | मजबुद इन्जिनियरिङ्ग | ५००००० | ४९६०७० |
| २ | घलेना तामा सिंचाई कुलोको परियोजना प्रतिवेदन | टेक इन्जिनियरिङ्ग | ५००००० | ४६५५७७ |
| ३ | नहाँगाउँ भल्म चिङ्गाड अन्तरपालिका सडक निर्माण विस्तृत आयोजना प्रतिवेदन | कर्णाली कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग | ५००००० | ४९५८०४ |
| ४ | गौशाला निर्माण विस्तृत आयोजना प्रतिवेदन | सिम्ता इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५००००० | ४८५०९४ |
| ५ | लालझरी काक्रेतरा सिंचाई कुलो परियोजना प्रतिवेदन | जिएस इन्जिनियरिङ्ग | ५००००० | ४७५५८६ |
| ६ | नदी तथा खोलाको आइईई | मुनलाईट इन्जिनियरिङ्ग एण्ड रिसर्च कन्सल्टेन्सी | १०००००० | ७३३३७० |
| ७ | गौशाला निर्माणका लागी आइईई | टिएन एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ५००००० | ४४९४५९ |
| ८ | नहाँगाउँ भल्मा चिंगाड अन्तरपालिका सडकको आइईई | दिपमाला इन्जिनियरिङ्ग सोलुसन | ५००००० | ४८७४३८ |
| ९ | सिम्ता औद्योगीक ग्राम निर्माणको आइईई | वेष्ट डेभलपर्स ह्याण्डस कन्सल्टेन्सी | ५००००० | ४७९२०० |
| **जम्मा** | | | **५००००००** | **४५६७५९८** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन साथै प्रतिवेदनहरु अभिलेखको रुपमा लेखांकन समेत हुनुपर्दछ ।

## ३४ विगत वर्षको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई आ.व. ०७९।८० सम्मका आर्थिक वर्षमा दिएको पेश्की आर्थिक वर्ष ०८०।८१ को अन्त्यसम्म पनि फर्स्यौट नभई रु. १,२४,४६,५६६/९७ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

| क्र.सं. | जिम्मेबारी सारेको मिति | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|
| **गाउँपालिका चालुतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | अर्जुनकुमार राना | ३०००० |
| २ | २०८०/०४/०१ | तिलकबहादुर नेपाली | २००००० |
| ३ | २०८०/०४/०१ | पोलिसीरिसर्च प्लानिङ एण्ड एडभोकेसी फाउण्डेशन प्रा.लि. | ६९९८७४ |
| **जम्मा** | | | **९२९८७४** |
| **संघिय शसर्त चालुतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | अर्जुनकुमार राना | ३०००० |
| २ | २०८०/०४/०१ | गोपालसहानी क्षेत्री | १३१३३६ |
| ३ | २०८०/०४/०१ | चन्द्रबहादुर शाही | १११००० |
| ४ | २०८०/०४/०१ | डोल्माकुमारी सुनार | ४५०० |
| ५ | २०८०/०४/०१ | नविन हमाल | ५००० |
| ६ | २०८०/०४/०१ | नमुना समाज | १५००००० |
| ७ | २०८०/०४/०१ | नमुना समाज | २४०००० |
| ८ | २०८०/०४/०१ | नमुना समाज | ६०००० |
| ९ | २०८०/०४/०१ | स्वास्थ्यशाखा सिम्ता | १२००० |
| १० | २०८०/०४/०१ | सामुदायिकस्वास्थ्य इकाइ केन्द्र खनेटा | ९१००० |
| **जम्मा** | | | **२१८४८३६** |
| **गाउँपालिकापुँजीगतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | गंगोत्रीदेबी निर्माण सेवा | ४४६९०३ |
| २ | २०८०/०४/०१ | गंगोत्रीदेबी निर्माण सेवा | ३२५००० |
| ३ | २०८०/०४/०१ | द कालीसिद्धि निर्माण सेवा | १२००००० |
| ४ | २०८०/०४/०१ | नेपालबिधुत प्राधिकरण | ७५०४८४.९८ |
| ५ | २०८०/०४/०१ | नेपालबिधुत प्राधिकरण | २५६८१५६.९९ |
| ६ | २०८०/०४/०१ | पशुपतिकन्ट्रक्शन एण्ड सप्लायर्स | ७३३८४० |
| ७ | २०८०/०४/०१ | पि.पि.ओ.टि.निर्माण सेवा | ३००००० |
| ८ | २०८०/०४/०१ | श्रीबागेश्वरी माध्यमीक बिद्यालय | ४१०००० |
| ९ | २०८०/०४/०१ | श्रीबागेश्वरी माध्यमीक बिद्यालय | ११००००० |
| १० | २०८०/०४/०१ | श्रीबागेश्वरी माध्यमीक बिद्यालय | १२२००० |
| ११ | २०८०/०४/०१ | सिम्तासामुदायिक ग्रामीण बिधुतीकरण सहकारी संस्था लि. | १३७५४७२ |
| **जम्मा** | | | **९३३१८५६.९७** |
| | | | |

| कुल जम्मा | १२४४६५६६.९७ |
|---|---|

३५ **म्याद नाघेको पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा निर्माण व्यवसायीलाई दिएको पेश्की रु. ८६,८४,०००/- आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की मध्ये रु. ७४,४८,०००/- को म्याद नाघेको देखिन्छ । फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| **गाउँपालिका पुँजीगततर्फ** | | | | |
| २०८०/१२/०५ | स्थानियपुर्वाधार विकास कार्यक्रम | अंकित एण्डजेनिशा/जलजला/गेमी जे.भि. | | ४१०८००० |
| २०८१/०१/१६ | स्थानियपुर्वाधार विकास कार्यक्रम | केबीगुरुङ/नमस्ते रबि/सबिन जे.भी | | २५००००० |
| २०८१/०१/१७ | वडा नं १को वडा कार्यालय भवन निर्माण | प्रस्तुतिनिर्माण सेवा प्रा.लि | | ८४०००० |
| **जम्मा** | | | | **७४४८०००** |
| **विविध खर्च खातातर्फ** | | | | |
| २०८१/०३/०२ | स्थानियपुर्वाधार विकास कार्यक्रम | केबीगुरुङ/नमस्ते रबि/सबिन जे.भी | १२००००० | |
| **कुल जम्मा** | | | **१२०००००** | **७४४८०००** |

| पेश्की | ७४,४८,००० |
|---|---|

३६ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । पालिकाले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३७ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहायका १९ निर्माण कार्य तथा मालसामान खरिद कार्य वोलपत्र तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गरेको छ । यस्ता ठेक्का लागत अनुमान भन्दा ०.२७% देखि ४७.३२% प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । कार्यालयको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश ठेक्काहरु निर्माण सम्पन्न गरी भुक्तानी गरेको पाइयो । सबै योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने नगरेकाले न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून

मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही यस बर्षको ठेक्काको विवरण देहायमा उल्लेख छ ।

| **ठेक्का नं.** | **कार्यविवरण** | **लागतअनुमान** | **सम्झौता रकम** | **घटी प्रतिशत** |
|---|---|---|---|---|
| ०१-२०८०/८१ | जीवन ज्योती मा वि स्कुल भवन निर्माण काफलकोट | ७७६०३०६.८५ | ५१२५५३३.७६ | ३३.९५ |
| ०२-२०८०/८१ | बागेस्वरी मा वि स्कुल भवन निर्माण राकम | ७७५९५४२.०४ | ५०३७६७०.७ | ३५.०८ |
| ०३-२०८०/८१ | आ.वि पानीखोला स्कुल भवननिर्माण आली | ७७५९५४२.०४ | ५०८३१४१.२३ | ३४.४९ |
| ०४-२०८०/८१ | भानु मा वि स्कुल भवननिर्माण बजेडिचौर | ३९२९९२९.५१ | २६०७४५०.६७ | ३३.६५ |
| ०५-२०८०/८१ | स्वास्थ्य चौकी भवननिर्माण आग्रीगाँउ | ७५०६२९८.२५ | ५२४८७९९.३ | ३०.०७ |
| ०६-२०८०/८१ | वडा नं १ कार्यालय भवन निर्माण | ९९७९१४४.२४ | ७३९७५५५.६८ | २५.८७ |
| ०७-२०८०/८१ | राकम बर्थिङ सेन्टर भवन निर्माण | ३००३४३५.९६ | २०६२९३१.३ | ३१.३१ |
| ०८-२०८०/८१ | शहिद इन्द्र वि सी फास्ट ट्र्याक सढक स्तरोउन्नती | ४२१६०१०७.१ | २९६१९२१२. | २९.७५ |
| ०९-२०८०/८१ | शहिद ऋिषि स्मृति चक्रपथ सडक स्तरोउन्नती | ४०५२८५०४.२ | २९८७३८०२.०४ | २६.२९ |
| १०-२०८०/८१ | वडा नं ९कार्यालय भवन निर्माण | ३६६६६६९.८ | ३१२०००६.७४ | १४.९१ |
| ११-२०८०/८१ | आली पातिहाल्ना योजना मर्मत निर्माण | २२२८८४९.२६ | २२२२८९३.०३ | ०.२७ |
| ०१-२०८०/८१ | साउखोला पक्कीपुल सामग्री खरिद | ३७७४७५६.८२ | ३२६२०८६.७३ | १३.५८ |
| ०२-२०८०/८१ | वार्ड नं ३ ४ ७ र ९निर्माण सामग्री खरिद | ४८३११७१.६५ | ४१८३१४४.१२ | १३.४१ |
| ०२/२०८०/८१ | औषधि खरिद | २९९९६२८ | १५८०२८६.९२ | ४७.३२ |
| ०३/२०८०/८१ | पाङुला घोरेटा झोलुङ्गे पुल स्टील सामग्री खरिद | १६६५४७९.२२ | १६६०८६१.८२ | ०.२८ |
| ०४/२०८०/८१ | नाडोम खोला पक्कीपुल स्टील सामग्री खरिद | १७२०३६१.८७ | १७१५७८५.८ | ०.२७ |
| ०३/२०८०/८१ | गौशाला निर्माण सामग्री खरिद | १०३१४७४.०९ | ८२३७६१.७२ | २०.१४ |
| ०४/२०८०/८१ | देउली देखी भादे मसानधाट सामान खरिद | १६२७७२०.६१ | १४८६२८८.५५ | ८.६९ |
| ०१/२०८०/८१ | सतिकलशा मन्दिर ताथा पार्क निर्माण | १७१९७११.६१ | १६९४९३८.९८ | १.४४ |
| **जम्मा** | | **१५५६५२६३३.२** | **११३८०६१५१.१** | |

३८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ रु. ४८ लाख २८ हजार बराबरका देहायका ९ निर्माण कार्य सोझै खरिद गरेको देखिन्छ । सोझै खरिद कार्य गराउँदा लागत अनुमानको तुलनामा शुन्ना देखी ६.२६ प्रतिशत घटीमा कबोल गरी खरिद सम्झौता गर्ने गरेको देखिन्छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | आयोजनाको नाम | निर्माण कम्पनी | लागत अनुमान | सम्झौता | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सतीकलशा तथा पार्क निर्माण कार्य(Kerb Stones) | श्री लामीछाने निर्माण सेवा | ५०६४७९ | ४८५९०० | ४.०६ |
| २ | सालझरी सडकनिर्माण सिम्ता-३ | श्रीपोख्रेल निर्माण सेवा | ७९९६९४ | ७९२१५६ | ०.९४ |
| ३ | कोलचौर माल्पा सडक मर्मत तथा निर्माण | सापकोटा निर्माण सेवा | ५४५२२३ | ५४५२२३ | ० |
| ४ | सिम्तागाउँपालिका कङ्क्रीट स्ल्याब निर्माण | वर्षानिर्माण सेवा | ८६९४३६ | ८६१४९२ | ०.९१ |
| ५ | गोजी जुम्ले डाँडाखाली सडक मर्मत सिम्ता-०८ | श्री जनककन्ट्रक्सन सेवा | १५८२६६ | १५१६४९ | ४.१८ |
| ६ | सडक सरसफाई सिम्ता-०७ | श्रीजेनिसा कन्ट्रक्सन | १५३१७० | १४३५७६ | ६.२६ |
| ७ | गौशालाट्रस निर्माण | ग्रेसीग्रिल उद्योग सिम्ता | ९९८९५६ | ९९०१६० | ०.८८ |
| ८ | वडा नं.०६ मा बत्ती बिस्तार कार्यक्रम | श्रीतृष्णा हाईड्रो ईन्जिनियरिङ एण्ड बिजनेश कम्पनी | ५००३६४ | ४९७७४४ | ०.५२ |
| ९ | आ वि झ्यामा पल्ला रेलिङ्ग निर्माण सिम्ता-०३ | श्रीपोख्रेल निर्माण सेवा | २९६३६१ | २९०७७० | १.८८ |
| **जम्मा** | | | **४८२७९४९** | **४७५८६७०** | |

३९ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले यस वर्ष रु. ७ करोड ७५ लाख ३१ हजार लागत अनुमान भएका १०९ वटा निर्माण कार्यका लागी रु. ४ करोड ३१ लाख ४ हजार खर्च गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा बाटो निर्माण, भवन निर्माण जस्ता कार्यमा हेभि मेशिनहरुको प्रयोग गर्ने, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गर्ने गरेको देखिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३९.१ **निर्माण कार्यको गुणस्तर** : उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३९.२

**उपभोक्ता समितिको बिल भरपाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

३९.३ **प्राविधिक बिल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

३९.४ **आइटम वाइज योगदान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

## ४० पेश्की रकमको विवरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## ४१ नागरिक वडापत्र

सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम १४ बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यलायले त्यस्तो कार्यालयको परिसरभित्र सबैले देख्ने उपयुक्त ठाउँमा नागरिक वडापत्र राख्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाको परिसरभित्र नागरिक वडापत्र राखेको देखिएन।नियमावलीको व्यवस्था बमोजिम कार्यालयको परिसरभित्र सबैले देख्ने गरी उपयुक्त ठाउँमा नागरिक वडापत्र राखिनुपर्दछ।

## ४२ आचारसंहिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ को उपदफा (२) मा निजी स्वार्थ वा हकहित जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी,जवाफदेही कार्य प्रक्रियाको अवलम्वन गर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने लगायत व्यहोरा समेतको आचारसंहिता बनाई लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म यस्तो आचारसंहिता बनाई लागू गरेको छैन । पालिकाले आचारसंहिता बनाई लागुगर्नुपर्दछ।

## ४३ वडा तथा शाखागत खर्च

पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी ले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी पालिकामा दाखिला गरेको छ । यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखा तथा वडामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ४४ नन्फाइलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्नेव्यवस्था छ । अर्थ मन्त्रालयको मिति २०७७/८/२४ को सचिव स्तरिय निर्णय अनुसार आय कर ऐन, २०५८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सो मातहतका आर्थिक कारोबार सञ्चालन गर्ने निकायहरुले व्यवसायीक फर्म तथा अन्य निकायहरुलाई रकम भुक्तानी गर्दा आन्तरिक राजस्व विभागको वेभसाइटमा उपलब्ध PAN Search को माध्यमबाट त्यस्ता व्यवसायीक फर्म वा निकायहरुले १ आर्थिक वर्ष भन्दा बढी अवधिको विवरण पेश गर्न बाँकी नरहेको र मूल्य अभिबृद्धि करतर्फ मासिक विवरण दिने भए ६ वटा विवरण, द्वैमासिक विवरण दिने भए ३ वटा र चौमासिक विवरण दिने भए २ वटा विवरण भन्दा बढी विवरण पेश गर्न बाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानीको प्रक्रिया अगाडी बढाउने उल्लेख छ । (ठेक्का नं. ८-०८०/८१) शहिद इन्द्र वि.सि. फास्ट ट्र्याक सडक निर्माणका लागी मिति २०८२ असार २० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी अंकित एण्ड जेनिसा/जलजला/गेमी जे.भी. सँग मिति २०८०/१०/२५ मा मूअकर समेत रु. २,९६,१९,२१२/- को खरिद सम्झौता भएकोमा उक्त निर्माण व्यवसायीको पान नं.६२०८६६६४४ आन्तरिक राजस्व बिभागको वेभसाइटमा PAN search गर्दा मूल्य अभिबृद्धि कर तर्फ २०८० माघ देखी विवरण पेश नगरी नन्फाइलर रहेको देखिन्छ । कानूनी व्यवस्था अनुसार मूल्य अभिबृद्धि कर विवरण नबुझाएकोले यस वर्ष देहाय अनुसार रु. ९६,९८,२७०/- को बिल भुक्तानी गर्दा भुक्तानी भएको मू.अ. कर रु.१२,१३,६४१/- समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं. रमिति | रनिङ्गबिल | भुक्तानीरकम | मूल्यअभिबृद्धिरकम |
|---|---|---|---|
| ८/२०८१/२/१७ | प्रथम | ७११७३४४ | ८०३९५४ |
| ३३/२०८१/३/२४ | दोश्रो | २५८०९२६ | ४०९६८७ |
| | **जम्मा** | **९६९८२७०** | **१२१३६४१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,१३,६४१ |

## ४५ लेखा श्रेष्ता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फर्स्यौटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फर्स्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पेश्की दिदाँ तथा फर्स्यौट गर्दा आवश्यक कागजात

संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

४६ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाहरुको विवरण लेखापरीक्षणको क्रममा प्राप्त भएन।पालिकामा संचालन भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ ।

४७ **शहिद ऋषि स्मृती रिङ्गरोड स्तरोन्नती (ठेक्का नं.९/०८०/८१)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने व्यवस्था छ । २०८२/३/२० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी के वि गुरुङ्ग नमस्ते रबी सविन जे भीसँग मिति २०८०/१०/२५ मा रु. २,९८,७३,८०२/- को खरिद सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त निर्माण कार्य शुरु गरेको देखिएन ।१७ महिना म्याद रहेको उक्त खरिद सम्झौताको ७० प्रतिशत (१२ महिना) म्याद वितिसक्दा सम्म निर्माण कार्य शुरु नभएकाले निर्माण कार्यका लागी बोलपत्र आह्वान गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई कानून बमोजिम खरिद कारवाही टुङ्गो लगाउनु पर्दछ ।

४८ **वडा नं.९ कार्यालय भवन (ठेक्का नं.१०/०८०/८१)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने व्यवस्था छ । २०८१/३/१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी गितान्सा निर्माण सेवा सँग मिति २०८१/१/४ मा रु. ३१,२०,००६/- को खरिद सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त निर्माण कार्य सम्पन्न भएको देखिएन । पालिकाले निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको म्याद समेत थप नगरी निर्माण कार्य अधुरै रहेको देखिन्छ । ३ महिना म्याद रहेको उक्त खरिद सम्झौताको म्याद समाप्त भैसक्दा सम्म ६७.८२ प्रतिशत मात्र काम सम्पन्न गरी रु. २१,१६,०७६/- भुक्तानी भएको देखिन्छ । खरिद सम्झौताको म्याद समाप्त भएको ७ महिना बितिसक्दा समेत सम्झौताको म्याद थप नभएको र निर्माण कार्य समेत सम्पन्न नभएको हुँदा कानून बमोजिम खरिद कारवाही टुङ्गो लगाई निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत वापतको रकम रु. १,५६,००१/- जफत हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५६,००१ |

४९ **वडा नं.१ कार्यालय भवन (ठेक्का नं.६/०८०/८१)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने व्यवस्था छ । २०८१/३/१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी प्रसुती निर्माण सेवा प्रा.लि. सँग मिति २०८०/१०/४ मा रु. ७३,९७,५५५/- को खरिद सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त निर्माण कार्य सम्पन्न भएको देखिएन । पालिकाले निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको म्याद समेत थप नगरी निर्माण कार्य अधुरै रहेको देखिन्छ । ५ महिना म्याद

रहेको उक्त खरिद सम्झौताको म्याद समाप्त भैसक्दा सम्म ३१.४ प्रतिशत मात्र काम सम्पन्न गरी रु. २२,९६,३६७/- भुक्तानी भएको देखिन्छ ।खरिद सम्झौताको म्याद समाप्त भएको ७ महिना बितिसक्दा समेत सम्झौताको म्याद थप नभएको र निर्माण कार्य समेत सम्पन्न नभएको हुँदा कानून बमोजिम खरिद कारवाही टुङ्गो लगाई निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत वापतको रकम रु. ९,१२,४००/- जफत हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१२,४०० |

५० **पेश्की जमानतको म्याद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम निर्माण व्यवसायीलाई पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी मान्य अवधि भएको बैंक जमानत दिएर मात्र पेश्की दिनु पर्ने व्यवस्था छ । देहायका निर्माण कार्यका निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानतको म्याद लेखापरीक्षण अवधिसम्म समाप्त भैसकेकोमा बैंक जमानतको म्याद थप नगरी पेश्की बाँकी नै रहेको देखिन्छ । पेश्की जमानतको म्याद समाप्त हुँदासम्म पेश्की फर्छयौट नभएको हुँदा देहायको पेश्की रकम जोखिममा रहेकोले बैंक जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त पेश्की रकम असुल फर्छयौट हुनुपर्ने रु.

| **ठेक्कानं.** | **कामको विवरण** | **निर्माण व्यवसायी** | **जमानतको म्याद** | **हुनु पर्ने म्याद** | **जमानत रकम** |
|---|---|---|---|---|---|
| ६/०८०/८१ | वडानं.१कार्यालय भवन निर्माण | प्रसुती निर्माण सेवाप्रा.लि. | २०८१/०७/०६ | खरिद सम्झौता को म्याद समाप्त | ८४०००० |
| ८/०८०/८१ | शहिद इन्द्र वि.सि. फास्ट ट्रयाक | अंकित एण्ड जेनिसाजलजलागेमी जे भी | २०८१/०२/३० | २०८१/१२/३० | ४१०८००० |
| ९/०८०/८१ | शहिद ऋषि स्मृति रिङ्गरोड | के वि गुरुङ्ग नमस्ते र विसविन जेभी | २०८१/०६/२९ | २०८१/१२/३० | २५०००००० |
| ९/०८०/८१ | शहिद ऋषि स्मृति रिङ्गरोड | के वि गुरुङ्ग नमस्ते र विसविनजेभी | २०८१/०८/२५ | २०८१/१२/३० | १२००००० |
| **जम्मा** | | | | | **८६४८०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८६,४८,००० |

५१ **१५ शैया अस्पताल भवन निर्माण (ठेक्का नं. ०७/०७७/७८)**

२०८०/३/१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी माउन्टेन/कविन्द्र जे.भी.सँग २०७८/३/९ मा रु. १४,२९,११,९५८/- मा खरिद सम्झौता भएकोमा कार्यपालिकाको निर्णयले ५.३७ प्रतिशत भेरिएशन स्वीकृत गरी रु. १५,३१,०४,७२८/- को खरिद सम्झौता कायम भएकोमा हालसम्म मूल्य समायोजन समेत रु. १९,११,७२,५४२/- भुक्तानी भएको छ । यस वर्ष छठौं, सातौं र आठौं बिल वापत रु. ३,१०,५९,६३३/- भुक्तानी भएकोमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

५१.१ **सूचक फ्रिज नगरी मूल्य समायोजन भुक्तानी** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौतामा उल्लेखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ । यस खरिद सम्झौताको शुरु म्याद २०८०/३/१५ अर्थात २०२३ जुन ३० रहेकोमा कार्यालयले मूल्य समायोजन गणना गर्दा उक्त मिति भन्दा ३० दिन अगाडी अर्थात नेपाल राष्ट्रबैंकको २०२३ जुनको सूचकलाई अन्तिम सूचक मानी गणना गर्नु पर्नेमा यस वर्ष भुक्तानी भएको सातौं र आठौं बिलको मूल्य समायोजन गणना गर्दा फरक सूचक प्रयोग गरेका कारण देहाय अनुसार रु. १,५०,७५५/- बढी मूल्य समायोजन भुक्तानी भएको देखियो । बढी मूल्य समायोजन भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| बिल | बिल रकम | प्रयोग हुनुपर्ने फ्याक्टर | प्रयोग भएको फ्याक्टर | बढी फ्याक्टर | फरक रकम |
|---|---|---|---|---|---|
| सातौं | ६७५०४०५ | ०.१७६६ | ०.१८६५ | ०.००९९ | ६६८२९ |
| आठौं | ६३१०२७८ | ०.१७६६ | ०.१८९९ | ०.०१३३ | ८३९२६ |
| **जम्मा** | | | | | **१५०७५५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,७५५ |

५१.२ **कार्य स्वीकार प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा निर्माण कार्यको विवरण, निर्माण कार्य सम्पन्न भएको मिति र सम्पन्न भएको निर्माण कार्य स्वीकृत भएको मिति सहितको कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले १५ शैया अस्पताल भवन निर्माणका लागी निर्माण व्यवसायी माउन्टेन/कविन्द्र जे.भी.सँग २०८०/३/१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८० चैत्र मसान्त सम्म म्याद थप गरी २०८० चैत्र २९ मा आठौं तथा अन्तिम बिल तयार गरी भौ.नं. ११/२०८१/३/२४ बाट रु. ८४,८४,७१८/- भुक्तानी गरेको छ । सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गरी अन्तिम बिल भुक्तानी गर्दा कार्यालयले कार्य स्वीकार प्रतिवेदन लिएको देखिएन । नियमानुसार निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र कार्य स्वीकार प्रतिवेदन लिई सक्नु पर्नेमा हालसम्म कार्य स्वीकार प्रतिवेदन लिएको देखिएन । सम्पन्न भएको निर्माण कार्यको विवरण, कार्य सम्पन्न मिति र निर्माण कार्य स्वीकृत गरेको मिति खुल्ने गरी कार्य स्वीकार प्रतिवेदन तयार हुनु पर्दछ ।

## ५२ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मार्फत यस पालिकाका लागी रु. ४ करोड ६९ लाख बजेट विनियोजन र पालिकाको तर्फबाट रु. ३ करोड ७ लाख गरी जम्मा रु. ७ करोड ७६ लाख बजेट विनियोजन भएकोमा २०८०/४/४ मा १० वटा योजनाहरु स्वीकृत गरिएको र मिति २०८०/६/१९ मा थप ९ योजना समावेश गरी १९ योजना कायम गरेकोमा मिति २०८०/९/४ को कार्यपालिकाको बैठकले देहाय अनुसार १५ वटा योजनाहरु स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ ।

| सि.नं. | आयोजनाको नाम | बजेटरु. लाखमा | | |
|---|---|---|---|---|
| | | LISP | गाउँपालिका | जम्मा रकम रु. |
| १ | इन्द्र वि.सि.द्रुतमार्ग स्तरोन्नति (सिम्ता-३,५ र ९) | १२० | ८० | २०० |
| २ | ऋषि स्मृति चक्रपथस्तरोन्नति (सिम्ता-१,२ र ३) | १२० | ८० | २०० |
| ३ | बृहत फलफुल खेति (सिम्ता-८) | १५ | १० | २५ |
| ४ | कालिखोला-भानुमाव-आधारभूत अस्पतालसम्म सडक स्तरोन्नति (सिम्ता-४) | १५ | ९ | २४ |
| ५ | राकम-घोरेरी-बैशपानीसडक निर्माण (सिम्ता-६) | १४ | १० | २४ |
| ६ | जेगेना-सिमलगाउँ-आग्रीगाउँझ्यामा सडक स्तरोन्नति (सिम्ता-३) | ३० | २० | ५० |
| ७ | नहागाउ-भल्मा-चिन्नगाडअन्तरपालिका सडक निर्माण (सिम्ता-२) | १५ | १० | २५ |
| ८ | सुन्दरवस्ती सडकग्राभेल (सिम्ता-६) | १४ | ६ | २० |
| ९ | थरिया-चिउरा हुँदै ७नं वडा कार्यालयसम्म सडक स्तरोन्नति (सिम्ता-७) | २२ | १३ | ३५ |
| १० | चोल्पा देखि ९ नं वडाकार्यालयसम्म सडक स्तरोन्नति (सिम्ता-९) | १५ | १० | २५ |
| ११ | गौशाला निर्माण योजना (सिम्ता-६) | २४ | १६ | ४० |
| १२ | सतिकलाशा पार्कनिर्माण तथा व्यवस्थापन (सिम्ता-६) | २९ | १४ | ४३ |
| १३ | पातिहाल्ना लेख सडकस्तरोन्ति (सिम्ता-४) | १३ | ७ | २० |
| १४ | बजेडा आली सीमा सडकस्तरोन्नति (सिम्ता-५) | १३ | ७ | २० |
| १५ | देउलीदेखि भदेमसानघाटसडक स्तरोन्नति | १० | १५ | २५ |
| **जम्मा** | | **४६९** | **३०७** | **७७६** |

उक्त कार्यक्रमको श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

५२.१ **सामग्री खरिद** : उपभोक्ताको विल बनाउँदा Non Local Material ठेक्का व्यवस्थाको माध्यमबाट खरिद गरेको अवस्थामा खरिदका बखत प्रयोग भएको मुल्य निर्माण कार्यको दर निर्धारण गरी मुल्याङ्कन पनि गर्नु पर्नेमा लागत अनुमानमा कायम मुल्यनै राखी उपभोक्ताको विल बनाएको हुँदा उपभोक्ता समितिलाई बढी भुक्तानी हुने सम्भावना रहँदा वास्तविक दर राखी निर्माण कार्यको मुल्याङ्कन गरिनु पर्दछ।

५२.२ **योजनाको अनुगमन :** स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४(ख५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने जिम्मेबारी उपप्रमुखको हुने व्यवस्था छ । यस पालिकाबाट स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत कार्यान्वियन भएका देहायका योजनाहरुको पालिकास्तरबाट अनुगमन भएको देखिएन । सम्पन्न भएका योजनाको पालिकास्तरिय अनुगमन नहुँदा सम्झौता अनुसार गुणस्तरीय ढंगले योजना सम्पन्न भए नभएको एकिन हुने आधार भएन । सञ्चालित योजनाहरुको पालिकास्तरबाट अनुगमन गरी अन्तिम भुक्तानी हुनु पर्दछ ।

५२.३ स्वीकृत कार्यक्रम बाहिर खर्च : स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रममा समावेश नभएका देहायका कार्यहरु गरी कार्यक्रमको रकम खर्च गरेको देखिन्छ । ऐनको व्यवस्था विपरित स्वीकृत कार्यक्रममा समावेश नभएको कार्यमा खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | योजनाको नाम | भुक्तानी पाउनेको विवरण | खर्च रकम |
|---|---|---|---|
| १ | सिम्ता गाउँपालिका कंक्रिट स्ल्याव निर्माण | वर्षा निर्माण सेवा | ८३७०२८ |
| २ | घलेना तामा सिंचाई कुलोको डिपिआर तयार | टेम इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४६५५७७ |
| **जम्मा** | | | **१३०२६०५** |

| | |
|---|---|
| अनियमित भएको | १३,०२,६०५ |

५२.४ कालिखोला भानु मा.वि. भवन निर्माण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा निर्माण कार्यको विवरण, निर्माण कार्य सम्पन्न भएको मिति र सम्पन्न भएको निर्माण कार्य स्वीकृत भएको मिति सहितको कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २९/२०८१/३/२४ बाट कालिखोला भानु मा.वि.को अन्तिम बिल वापत रु. १३,२९,१११/- भुक्तानी गरेकोमा कार्य स्वीकार प्रतिवेदन लिएको देखिएन । निर्माण सम्पन्न भएको निर्माण कार्यको कार्यस्वीकार प्रतिवेदन पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | १३,२९,१११ |
|---|---|

५२.५ **जिन्सी दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपा्इ, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत खरिद गरिएका देहायका जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा दाखिला गरेको देखिएन । उक्त जिन्सी सामानहरु पालिकाको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली मार्फत जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| **भौ.नं. रमिति** | **खरिदको विवरण** | **भुक्तानीपाउनेको विवरण** | **खर्च रकम** |
|---|---|---|---|
| २०/०८१/३/१२ | गौशालाका लागी सामग्रीखरिद | श्री वाई केकन्स्ट्रक्सन | ७९०६७२ |
| २२/०८१/३/१२ | नहाँगाउँ भल्मा चिंगाड अन्तरपालिका सडक निर्माण सामग्री | रुक्मीनी ट्रेडिङ्ग प्रा.लि. | ८०६९८३ |
| ३५/०८१/३/२४ | घलेना तामा सिंचाईकुलोको डिपिआर | टेम इन्जिनियरिङ्गकन्सल्टेन्सी | ४६५५७७ |
| ३६/०८१/३/२४ | सालझरी काँक्रेतरासिंचाई कुलोको डिपिआर | जि.एस.ईन्जिनियरिङ्गकन्सल्टेन्सी | ४७५५८६ |
| ७८/०८०/१२/०८ | योजनाका लागी ३६ किसिमका टुल्स खरिद | लक्ष्मी भाँडा पसल | ४१३३७८७ |
| २/०८१/३/२२ | सिम्ता औद्योगीक ग्राम आइईई | वेष्ट डेभलपर्स ह्याण्डस कन्सल्टेन्सी | ४७९२०० |
| **जम्मा** | | | ७१५१८०५ |

| प्रमाण पेश नगरेको | ७१,५१,८०५ |
|---|---|

५२.६ **सतिशकला पार्क निर्माण** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले कार्यालय परिशर भित्र सतिशकला मन्दिर तथा पार्क निर्माण कार्यका लागी घाँस काटने, खन्ने, सब बेस राख्ने, इन्टरलक पेभमेन्ट राख्ने, कर्भस्टोन राख्ने, इट्टाको सोलिङ्ग गर्ने र पिसिसि गर्ने आइटम राखि रु.१७,१९,७११/- को लागत अनुमान स्वीकृत गरेको छ । सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्ने गरी दरभाउपत्र आह्वान गरेकोमा सबैभन्दा घटी अंक कबोल गर्ने निर्माण व्यवसायी गितान्सा निर्माण सेवासँग २०८१/३/२२ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०८१/३/१० मा रु. १४,९९,९४६/- को खरिद सम्झौता भएको छ । उक्त निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न नगर्दै सोही क्षेत्रमा अघिल्लो सम्झौतामा समावेश भएको कर्भ स्टोन राख्ने कार्यका लागी अर्का निर्माण व्यवसायी लामीछाने निर्माण सेवासँग २०८१/३/२० मा सोझै खरिद मार्फत सम्झौता गरी २०८१/३/२१ मा निर्माण कार्य सम्पन्न गरेको देखाई भौ. नं. बाट रु. ४,८५,९००/- भुक्तानी गरेको देखिन्छ । कार्यालयले लागत अनुमान तयार गर्दा कर्भ स्टोनको लागी जम्मा १६० रनिङ्ग मिटरको प्रति रनिङ्ग मिटर रु. १,७४६/- दर कायम गरेकोमा सिलबन्दी दरभाउपत्र मार्फत उक्त आइटम निर्माण व्यवसायी गितान्सा निर्माण सेवाले प्रति रनिङ्ग मिटर रु. ७००/- मा कबोल गरी १६१.३ रनिङ्ग मिटर कार्य गरेकोमा कार्यालयले निर्माण व्यवसायी लामिछाने निर्माण सेवालाई थप २५० रनिङ्ग मिटर कर्भ स्टोनको कार्य प्रति घन मिटर रु. १,७४६/- का दरले कार्य गराई भुक्तानी गरेको देखियो । एउटै स्थानमा एकै समयमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट सम्झौता गरी रु. ७००/- प्रति रनिङ्ग मिटरका दरले कार्य गराइ राखेको निर्माण कार्य सोही स्थानमा सोही समयमा अर्का निर्माण व्यवसायीलाई प्रति रनिङ्ग मिटर रु.१,७४६/- का दरले सोझै सम्झौता गरी कार्य गराएको हुँदा उक्त कार्य प्रति रनिङ्ग मिटर रु. १,०४६/- बढीका दरले गराएको देखियो । प्रतिस्पर्धात्मकरुपमा कार्य नगराई सार्वजनिक निकायलाई थप व्ययभार पर्ने गरी खरिद

सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई २५० रनिङ्ग मिटरको प्रति रनिङ्ग मिटर रु. १,०४६/- का दरले हुने रकम रु. २,६१,५००/- असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६१,५०० |

५२.७ **रिटेन्सन मनी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) मा सार्वजनिक निकायले रनिङ्ग बिल भुक्तानी गर्दा रिटेन्सन मनी वापत रिनिङ्ग वा अन्य विल वा विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले भौ. नं. ३९/०८१/३/२४ बाट सतिशकला पार्क निर्माण कार्यका निर्माण व्यवसायी गितान्सा निर्माण सेवाको अन्तिम बिल वापत रु. १६,३७,३६७/- भुक्तानी गर्दा नियमानुसार पाँच प्रतिशत ले हुने रिटेन्सन मनी रु. ८१,८८३/- कट्टा नगरी भुक्तानी गरेको देखियो । कानूनको प्रावधान बमोजिम रिटेन्सन मनी वापतको रकम कट्टा गरेर मात्र रनिङ्ग वा अन्य बिलको भुक्तानी हुनु पर्दछ ।

५२.८ **गौशाला निर्माण** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जती रकम आवश्यक पर्दछ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्नेसँग असुल उपर गरिने व्यवस्था छ । गौशाला निर्माणका लागी २०८१/३/१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग २०८१/२/२ मा रु. १८,४५,१०९/- को खरिद सम्झौता भएकोमा उपभोक्ता समितिले रु. १०,७५,७६३/- को मात्र कार्य गरी निर्माण कार्य अधुरो छोडेको देखिन्छ । कानूनको प्रावधान बमोजिम सम्झौता अनुसारको निर्माण कार्य पूरा गर्नु पर्दछ ।

५३ **खरिद सम्झौता नगरी कार्य गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम सार्वजनिक निकायले फुटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको खरिद गर्दा खरिद सम्झौता गरेको देखिएन । नियमानुसार खरिद सम्झौता नगरी खरिद कार्य गर्दा तोकिएको स्पेसिफिकेशन र मितिमा तथा मुल्यमा फरक पर्ने जोखिम हुने हुँदा सम्झौता गरेर मात्र खरिद गर्नु पर्दछ।

| **भौ.नं.रमिति** | **कामको विवरण** | **आपूर्तिकर्ता** | **खर्चरकम** |
|---|---|---|---|
| २३/२०८०/०८/२५गा.पा पुँजीगत | डेस्कबेन्चखरिद | ग्रेसीग्रिल उद्योग | १४९९९७ |
| २७/२०८०/०९/०४गा.पा पुँजीगत | टेबल दराजखरिद | श्री देउतीस्टील फर्निचर | ५६२७४ |
| ३२/२०८०/०९/१३गा.पा पुँजीगत | ल्यापटप-७, प्रिन्टर-२ खरिद | न्यू साझाकम्प्युटर ट्रेड | ९६०५०० |
| ४९/२०८०/०९/२१गा.पा. पुँजीगत | फर्निचर र्‍याक खरिद | ड्रिम्सइन्टरनेशनल | १६७८३० |
| ५२/२०८०/०९/२१गा.पा. पुँजीगत | टि टेबल, कुर्सी लगायत | टि डीडेकोर हाउस | ५९८४१० |
| ७०/२०८०/११/२३गा.पा. पुँजीगत | इन्भर्टरखरिद | सिम्तालीउर्जा एण्ड विजनेश कम्पनी | ८०२३० |
| ७१/२०८०/११/२३गा.पा. पुँजीगत | प्रिन्टर-५थान खरिद | न्यू साझाकम्प्युटर ट्रेड | ७१३७६ |
| ११८/२०८१/०१/११गा.पा. पुँजीगत | डेलल्यापटप-५ खरिद | क्वीकसोलुसन | ५७९९१६ |
| १२१/२०८१/०१/११गा.पा. पुँजीगत | ल्यापटपखरिद | न्यू साझाकम्प्युटर ट्रेड | २५३००७ |
| १२६/२०८१/०१/१६गा.पा. पुँजीगत | ल्यापटपखरिद | न्यू साझाकम्प्युटर ट्रेड | ८७९१४ |
| २९७/२०८१/०३/२२गा.पा. पुँजीगत | ल्यापटप रमनिटर खरिद | न्यू साझाइलेक्ट्रोनिक एण्ड अर्डर सप्लायर्स | १८६१६५ |
| **जम्मा** | | | **३१९१६१९** |

## ५४ हेभिमेशिनको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ.नं. रमिति | योजना/उपभोक्तासमितिको नाम | निर्माणव्यवसायी | निर्माणव्यसायीको बिल | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५८/२०८०/१०/१६ | केन्द्रिय सडक देखिचतुरपाला थानसम्म कृषि सडक | श्री मल्लकन्स्ट्रक्सन कम्पन्नी | १३४९०० | १३७७४० |
| ५९/२०८०/११/१० | सिन्केरी देखिकुमाईटोलसम्म कृषि सडक | श्री मल्लकन्स्ट्रक्सन कम्पन्नी | २२७२१० | १९१५७५ |
| ६७/२०८०/११/१५ | रीठाबोट कोइराला सडकनिर्माण | गितान्सा निर्माण सेवा | ४४७६७९ | ३८०२४० |
| ८०/२०८०/१२/०८ | साना पोखरी खेलमैदाननिर्माण | सुन्दरा एण्ड ज्ञानुनिर्माण सेवा | २२८३४० | १९४००० |
| १०१/२०८०/१२/२८ | राउदेदेखि चुग्याखोलाकृषि सडक | सापकोटा निर्माण सेवा | ६९२९५९ | ५७७१५० |
| १०२/२०८०/१२/२८ | खत्रीटोलदेखिबस्नेतटोलसम्म कृषि सडक | सापकोटा निर्माण सेवा | ३४२०९१ | २९१००० |
| १०३/२०८०/१२/२८ | लामिमेला फिल्डनिर्माण | श्री मल्लकन्स्ट्रक्सन कम्पन्नी | ४६५३६ | ३९७७० |
| १०६/२०८०/१२/२८ | मुलदेखि पोख्रासम्मसडक निर्माण | सुन्दरा एण्ड ज्ञानुनिर्माण सेवा | १७२७४२ | १४२१०५ |
| १३०/२०८१/०१/१७ | राकम घोरेरी बैंसपानीसडक निर्माण | पि.पि.ओ.टी. निर्माणसेवा | ४१९९५२ | ४७४१८५ |
| १४१/२०८१/०१/१७ | दुर्पालादेखि भदेमसानघाट सडक निर्माण | सुन्दरा एण्ड ज्ञानुनिर्माण सेवा | ५६९३९४ | ४८५००० |
| १६४/२०८१/०१/२१ | छिर्ना देखी सिमा टोलसम्म कृषि सडक निर्माण | सापकोटा निर्माण सेवा | १७३५९७ | १४५५०० |
| १७९/२०८१/०१/२५ | वडासीमा आवि झ्यामासडक निर्माण | पि.पि.ओ.टी. निर्माणसेवा | २८९०४९ | २३२८०० |
| २२७/२०८१/०३/१० | नाउला खोलादेखिविदेपानी जोड्ने सडक मर्मत | सुन्दरा एण्ड ज्ञानुनिर्माण सेवा | ६०६०० | ५१८९५ |
| २५७/२०८१/०३/१७ | लक्ष्मी प्रावि सडकनिर्माण | सुन्दरा एण्ड ज्ञानुनिर्माण सेवा | ७०१७८ | ७०१७८ |
| २६५/२०८१/०३/१९ | चौखेढुङ्गाभोटमुङ्ग्या पौवा सडक | सुन्दरा एण्ड ज्ञानुनिर्माण सेवा | १८६१९३ | १५७२२५ |
| २६६/२०८१/०३/१९ | लामाडांडा चउरसम्म सडक | जाल्पादेवि निर्माणसेवा | १७३३२१ | १४९३८० |
| २८९/२०८१/०३/२१ | चिउरीवगर बैसपानीडोवखोला सालघारी सडक | सरिता निर्माण सेवा | ९७३१४३ | ९७३१४९ |
| २९२/२०८१/०३/२१ | चिउरीवगर सडक निर्माण | के.वि.उज्वल कन्स्ट्रक्सन एण्ड इन्जिनियर्स प्रा.लि. | २६५२४२ | २१८५०० |
| ३३५/२०८१/०३/२४ | पखेलटोल सडक निर्माण | सुन्दरा एण्ड ज्ञानुनिर्माण सेवा | १६९३८१ | १३९६५० |
| ३३७/२०८१/०३/२४ | माझवाटा बडीगाडी सडक | पि.पि.ओ.टी. निर्माणसेवा | १३४५६२ | ११४१४२ |
| ३४७/२०८१/०३/२४ | जिवन ज्योति माविदेखिभदे मसानघाट | जाल्पादेवि निर्माणसेवा | १३९४६५ | १०२६०० |
| २८/२०८१/०३/२२ | पौवा दयाउना हुंदैदेउली सडक | जाल्पादेवि निर्माणसेवा | १८७७४२२ | १५९८५६० |

५५ **स्वच्छता परियोजना**

कुनै पनि योजना तथा कार्यक्रम संचालन गर्दा सम्झौतामा तोकिएको शर्तनामाको पालना गर्नुपर्दछ।अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (यूएसआइडी) र डेभवर्कस् इन्टरनेशनलको आर्थिक सहयोगमा संचालित खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापनको लागि गाउँपालिकाको कार्यालय, स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समिति र स्वच्छता परियोजनाविच मिति २०७९/११/१५ मा त्रिपक्षीय सम्झौता भई यस आर्थिक वर्षमा निम्नानुसार खर्च भएको छ।उक्त सम्झौताको बुँदा नं २.१ मा गाउँपालिका तथा स्वास्थ्य

संस्था संचालन तथा व्यवस्थापन समितिका प्रतिनिधिले निर्माण तथा सुधार कार्यको नियमित अनुगमन गर्ने उल्लेख छ।पालिकाले सम्झौताको शर्त बमोजिम कार्यान्वयन भएका योजनाहरुको नियमित अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन।सम्झौताको शर्तनामा बमोजिम संचालित योजनाहरुको नियमित अनुगमन गरिनुपर्दछ।

| **भौ.नं. र मिति** | **योजनाको नाम** | **पालिकाको अंश** | **स्वच्छता परियोजनाको अंश** | **उपभोक्ताकोलागत** | **जम्मा रकम रु** |
|---|---|---|---|---|---|
| ०८/२०८०/०६/३० | स्वास्थ्य चौकीखानीखोला खानेपानी ट्याङ्की र शौचालय निर्माण | १६८२६० | १११२४६९ | २२९८५ | १३०३७१४ |
| १६/२०८०/०७/२० | स्वास्थ्य चौकीडाँडाखाली खानेपानी ट्याङ्की र शौचालय निर्माण | २४१३०० | १५४९३३१ | ३२२०७ | १८२२८३८ |
| २०/२०८०/०८/२० | स्वास्थ्य चौकीआग्रीगाउँ खानेपानी ट्याङ्की र शौचालय निर्माण | १८१८६९ | ११९१२१९ | २४२५० | १३९७३३८ |
| **जम्मा** | | **५९१४२९** | **३८५३०१९** | **७९४४२** | **४५२३८९०** |

## ५६ पूँजिगत शिर्षकबाट चालु प्रकृतिको कार्य

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरण भित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । यस पालिकाले पूँजीगत शीर्षकबाट चालुप्रकृतिको कार्यमा खर्च गर्ने गरेको । नमूना छनौटको आधारमा पूँजीगत शीर्षकबाट चालु प्रकृतिको कार्यमा खर्च गरेको देहाय अनुसारको रकम नियमसम्मत नदेखिएको रु.

| **क्र.सं.** | **भौचरनं./मिति** | **खर्चभएको शिर्षक** | **कार्यक्रमतथाविवरण** | **रकम** |
|---|---|---|---|---|
| १ | ११-२०८०।०७।०१ | ३११५९ | सहकारी सम्बन्धी तालिम | १५००० |
| २ | ११-२०८०।०७।०१ | ३११२२ | सहकारी सम्बन्धी तालिम | ११२०० |
| ३ | १४६-२०८१।०१।१८ | ३११५९ | तत्याङ्कव्यवस्थान कार्यक्रम | ८५५७७ |
| ४ | १७३-२०८१।०१।२५ | ३११५९ | तत्याङ्कव्यवस्थान कार्यक्रम | ७६७६२८ |
| ५ | २३९-२०८१।०३।१३ | ३११५९ | सहकारी सम्बन्धी तालिम | ३५७१०१ |
| ६ | २७२-२०८१।०३।२० | ३११५९ | सार्वजनिकसुनुवाई कार्यक्रम | ६०००० |
| **जम्मा** | | | | **१२९६५०६** |

| | |
|---|---|
| अनियमित भएको | १२,९६,५०६ |

## ५७ संघीय कार्यालयलाई निकासा

पालिकाले अन्य तहका सरकार अर्न्तगतका निकायलाई रकम निकासा गर्ने कार्यविधि तथा कानुनको निर्माण भएको देखिदैन। संघ, प्रदेश र स्थानीय तह छुट्टाछुट्टै कार्यालय कोड, बजेट प्रणालीबाट सञ्चालन हुने निकाय हुन् । तसर्थ संघीय कार्यालय पालिकाको मातहत रहेका निकाय नभएको तथा संघीय कार्यालयलाई भुक्तानी गर्ने कानुनी प्रावधान नभएकोले बजेट प्रणाली विपरितको कार्य नियन्त्रण गर्नु पर्दछ ।

| गो.भौ.नं./मिति | कार्यालय | विवरण | रकम |
|---|---|---|---|
| १२-२०८०/०७/०१ (पालिका पूंजिगत) | ईलाका प्रहरी कार्यालय, राकम सिम्ता | इन्भर्टर जडान कार्य | ९०६८२ |
| १९-२०८०/०८/१७ (पालिका पूंजिगत) | ईलाका प्रहरी कार्यालय, वादेपिपल | छपाई तथा बोर्ड निर्माण | १९६०० |
| | **जम्मा** | | **११०२८२** |

५८ **विद्यालयको जिन्सी खातामा दाखिला गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त भएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । सिम्ता गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७४ को दफा ३३ मा सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थान गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानुसारको सामाग्री खरिद गरी देहायानुसारको विद्यालयमा हस्तान्तरण गरेकोमा विद्यालयको जिन्सी खातामा अभिलेख राखेको देखिएन।उक्त सामाग्रीहरु विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेस गर्नुपर्ने रु.

| क्र.सं. | गोश्वारा भौचरनं र मिति | सामानको नाम | विद्यालयको नाम | रकम रु. | |
|---|---|---|---|---|---|
| १ | १५८/२०८१/०१/२० गा.पा.पुँजीगत | टेबल, डेस्क, बेञ्चलगायत | जनज्योतिप्रा.वि.चिउरीबगर | ९९९४८ | |
| २ | २३५/२०८१/०३/१२ गा.पा.पुँजीगत | स्टिल दराज, टेबल | भेरी प्रा.वि. | ५०००० | |
| ३ | २३८/२०८१/०३/१३ गा.पा.पुँजीगत | टेबल खरिद | नेपाल राष्ट्रियमा.वि.,लापु | ४०००० | |
| ४ | ३०८/२०८१/०३/२३ गा.पा.पुँजीगत | डेक्स बेञ्च सेट १६, टेबल २ | नेपाल राष्ट्रियमा.वि.,लिपेचौर | १४९९८९ | |
| ५ | ३१९/२०८१/०३/२३ गा.पा.पुँजीगत | डेक्स बेञ्च सेट १६ | जनकल्याणमा.वि.काप्रीचौर | २५०००० | |
| ६ | ३३१/२०८१/०३/२४ गा.पा.पुँजीगत | ३० वटा बेञ्च | हिमालय मा.वि.चोल्पा | २४७००० | |
| **जम्मा** | | | | **८३६९३७** | |

| प्रमाण पेश नगरेको | ८,३६,९३७ |
|---|---|

५९ **प्राविधिक लागत अनुमान र नापी किताब नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष वडा नं १ रिड्डा खनेटा ग्रामिण सडक निर्माण र वडा नं ३,४,८,९ सडक स्तोरन्नतिको लागि कोटेशनबाट प्रतिघण्टा रु.२५००।– का दरले स्वीकृत गरी भौचर नं ६८-२०८०।११।२३ बाट जालपा देवी निर्माण सेवा (भ्याट नं ६२०१८४७८८) लाई रु. ५,५०,०००।– भुक्तानी दिएको छ।उक्त सडक सरसफाई कार्य गर्दा भुक्तानी भएको रकमको स्वीकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । उक्त निर्माण कार्यमा भएको खर्चको पुष्टि हुने लागत अनुमान, नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,५०,००० |
|---|---|

६० **रितपूर्वकको कर वीजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको रितपूर्वकको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले पालिकाको गेट निर्माणको लागि कोटेशनबाट खरिद कार्य गरी विशु हरि निर्माण

सेवालाई रु.९,५८,५८४।– भूक्तानी गरेको छ।यसरी भूक्तानी गर्दा निर्माण व्यवसायीबाट मिति उल्लेख नगरेको बिजक पेस भएको देखिन्छ । तसर्थ उक्त निर्माण व्यवसायीले रितपूर्वकको कर विजक वेगर भुक्तानी लिएको मु.अ.कर रु. १,१०,९३८/- समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,९३८ |

६१ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले बैशपानी रैकर ग्राभिटी रोपवे मर्मत कार्यको लागि मिति २०८०।०६।०७ को कार्यपालिकाको निर्णयबाट बजेट विनियोजन गरी भौ. नं. २२/२०८०/०८/२५ बाट रु.१,४८,२००।- भुक्तानी गरेको छ। उक्त योजना कार्यान्वियन गर्दा उपभोक्ताको विलको सि.नं. १ मा १०.९६ घनमिटर ढुङ्गाको गारो लगाउने (१:६) कार्यमा पालिकाको यस वर्षको लागि स्वीकृत दर प्रतिघनमिटरको रु.९,३४३।७० हुनुपर्नेमा प्रतिघनमिटर रु.१०,५९९।६७ दर प्रयोग भएकोले फरक दर रु.१,२५५।९७ ले बढी भुक्तानी भएको रु. १३,७६६।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,७६६ |

६२ **गाउँसभा र गाउँकार्यपालिका**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११(२) बमोजिम उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक महिनामा तीनवटा भन्दा बढी बैठकको भत्ता लिन नपाउने व्यवस्था छ । पालिकाले वडा समितिको बैठक सञ्चालन वापत मासिक २ वटाको दरले वार्षिक २४ वटा वैठकको भत्ता खर्च लेखेको छ । गो.भौ.नं. ११३ मिति २०८०/०८/२५, गो.भौ.नं. २३० मिति २०८०/१०/११, गो.भौ.नं. २८३ मिति २०८०/११/१६, गो.भौ.नं. ३५८ मिति २०८०/१२/२६, गो.भौ.नं. ६०० मिति २०८१/०३/१८, गो.भौ.नं. ६०१ मिति २०८१/०३/१८, र गो.भौ.नं. ६०२ मिति २०८१/०३/१८ बाट वडा समिति, गाउँसभा, अन्य समिति र गाउँकार्यपालिका पदाधिकारीलाई मासिक ३ वटा भत्ताको अतिरिक्त निम्नबमोजिम बढी बैठक भत्ता वापत रु.३५,९५५/- खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| **पद** | **नाम/थर** | **बढीभुक्तानीवैठकसंख्या** | **जम्मारकम** | **खुदभुक्तानीरकम** |
|---|---|---|---|---|
| प्र.प्र.अधिकृत | भलाराम पंगाली | ४ | ५४०० | ४५९० |
| कार्यपालिका सदस्य | चन्द्र कला सिंह (शाही) | ८ | १२००० | १०२०० |
| कार्यपालिका सदस्य | कुशुमी सुनार | ९ | १३२०० | ११२२० |
| कार्यपालिका सदस्य | निसा बस्नेत पुन | ८ | ११७०० | ९९४५ |
| **जम्मा** | | | ४२३०० | ३५९५५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,९५५ |

६३ **पदाधिकारी इन्धन सुविधा**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसुचि-२ बमोजिम सवारी साधन प्रयोग गर्ने पदाधिकारीको हकमा मात्र सवारी साधनको अभिलेख राखी इन्धन सुविधा उपलब्ध हुने कुरा उल्लेख छ । पालिकाले यस वर्ष ९ जना वडा अध्यक्षको मासिक रुपमा पाउने सुविधा उपलब्ध गराउँदा सोको अभिलेख नराखी मासिक २० लिटर ईन्धनको रु.१५५/- का दरले रु.२,५१,१००/- भुक्तानी गरेको छ । ऐनमा उल्लेखित व्यवस्था बमोजिम सवारी साधनको अभिलेख राखेर मात्र इन्धन सुविधा वापतको रकम भुक्तानी हुनु पर्दछ ।

६४ **बहाल कर**

पालिकले वडा नं. ६ जामुने बजारमा शान्ता बस्नेतसँग ५ कोठाको मासिक रु.२०,०००/- मा घरभाडामा लिएको छ । गो.भौ.नं. ४७/०८०/०६/२५ बाट रु.६०,०००/- घर भाडा भुक्तानी गर्दा रु.६,०००/- बहाल कर कट्टि गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले बहाल कर असुल गरी दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

६५ **सफ्टवयेर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले भौ. नं. ३/०८०/६/३० बाट वेभ वेस्ड वार्ड सिफारिश, योजना तथा कार्ड व्यवस्थापन प्रणाली समबन्धी सफ्टवेयर निर्माण गरे वापत एम्फासिस टेक फाउण्डेशनलाई रु. ४,९७,२००/- भुक्तानी गरेकोमा उक्त सफ्टवयेरको सोर्स कोड लिएको छैन भने सेक्युरिटी अडिट पनि गरेको छैन । साथै सफ्टवेयर खरिदका लागी सूचना तथा प्रविधि विभागबाट स्वीकृत समेत लिएको देखिएन । प्रणालीको नियमन, नियन्त्रण, अनुगमन तथा सुरक्षण सुनिश्चित गरी सफ्टवेयर निर्माण एवं उपयोग गर्नुपर्दछ ।

६६ **वितरणमुखी कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वितरणमुखी कार्यमा समानीकरण अनुदान वापतको रकम खर्च गरेको देखिन्छ । वितरणमूखी कार्यमा खर्च गरेका केही उदाहरण देहाय अनुसार रहेका छन् । गत विगतका प्रतिवेदनमा समेत सुझाव दिँदै आएकोमा सुधार भएको देखिएन । वितरणमूखी कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| १६-०८०/०६/०७ | २१० लोकल कुखुरा वितरण | ७२३९७ |
| ५९४-०८१/०३/१८ | वडा नं. ९ मा २६३ छाता वितरण | १००००० |
| ५९७-०८१/०३/१८ | वडा नं. ६ मा ८५ वटा हर्लिक्स वितरण | १००००० |
| ५०७-०८१/०३/०९ | वडा नं. ९ मा अण्डा, साबुन, झोला र छाता वितरण | १००००० |
| ५०८-०८१/०३/०९ | वडा न १ मा ब्लाङ्केट वितरण | १००००० |
| ५८८-०८१/०३/१६ | वडा नं. ६ मा जेष्ठ नागरीलाई छाता वितरण | ९८२६४ |
| ७१-०८०/०७/१३ | भलिबल/नेट/जाली/पम्प वितरण | २६६८४९ |
| ५६५-०८१/०३/१६ | नेपाल निजामती कर्मचारी संगठन | ७०००० |
| १७२-०८०/०९/१९ | जनसन्देश युवा क्लब | ७००० |
| ५०-०८०/०६/२६ | तिज विशेष कार्यक्रम | १७४००० |
| | | |

६७ **नन् फाइलर**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ (१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ। मूल्य अभिबृद्धि करसमेत निम्नअनुसार भुक्तानी लिएका निर्माण ब्यवसायीहरुले बुझाउनु पर्ने कर नबुझाई नन् फाइलर देखाएकाले मूल्य अभिबृद्धि कर रु.५६,२१६/- समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | आपुर्तिकर्ता | बिलनं./मिति | बिलरकम | मुल्यअभिवृद्धिरकम | नन्फाइलरमिति |
|---|---|---|---|---|---|
| ५२-०८०/०६/२६ | पिपल्स कम्युनिकेशन (६०८२७८८७८) | ०६-०८०/०५/३१ | १५५९८५ | १७९४५ | २०८० जेष्ठ देखि |
| ५२-०८०/०६/२६ | पिपल्स कम्युनिकेशन (६०८२७८८७८) | ०७-०८०/०५/३१ | ३२०३६ | ३६८६ | २०८० जेष्ठ देखि |
| ५२-०८०/०६/२६ | पिपल्स कम्युनिकेशन (६०८२७८८७८) | ०५-०८०/०५/३१ | १००२७६ | ११५३६ | २०८० जेष्ठ देखि |
| १८७-०८०/०८/२७ | सुप्रिम ट्रेड सप्लायर्स(६१७५८९८४४) | ०७४-०८०/०८/२७ | २०८८४९ | २३०४९ | २०८० दोस्रो त्रैमासिक देखि |
| | **जम्मा** | | **४९७१४६** | **५६२१६** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,२१६ |

## ६८ सिम्ता अध्ययन

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले सिम्ता अध्ययन प्रकाशन वापत कांक्रेविहार मिडिया प्रा.लि.लाई भौचर नं. २१७/२०८०/१०/०९ बाट रु.१,५०,०००।- भुक्तानी गरेको छ । सिम्ताको पर्यटकिय, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक क्षेत्रको अध्ययन कुन प्रयोजन तथा अध्ययनलाई कसरी पालिकाको परिवर्तनको साधनको रुपमा उपयोग गर्ने हो सो उल्लेख गरेको छैन । सो अध्ययन पालिकाको लागि अर्थपूर्ण रहने/नरहने सम्बन्धमा पालिकाले कुनै विश्लेषण गरेको देखिएन ।आवश्यकताका आधारमा मात्र अध्ययन प्रतिवेदनहरु तयार गरिनु पर्दछ ।

## ६९ ढाका बुनाई कार्यक्रम

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन सञ्चालन निर्देशिका, २०७७ को दफा ३९(४) मा शाखाले उपदफा (२) बमोजिम बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरु सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनु पर्ने तथा त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयलाई बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले ढाँका बुनाई तालिममा रु.३,७५,३०५/- खर्च लेखेको छ । ढाका बुनाई तालिम कार्यक्रममा उत्पादित सामाग्रि निर्देशिका बमोजिम व्यवस्थापन गर्नुपर्नेमा सो गरेको छैन । तसर्थ उत्पादित सामग्री मुल्य कायम गरी जिन्सी दाखिला गर्नुपर्दछ ।

## ७० परामर्श सेवाको लागत अनुमान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १ बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा उपनियम ९ को अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने तथा उपनियम २ बमोजिमका कुराहरुलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमको परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार नगरी सोझै परामर्शदातासँग प्रस्ताव माग गरी सम्झौता गरेको देखिन्छ । तसर्थ नियमको प्रावधान बमोजिम लागत अनुमान तयार गरेर मात्र परामर्श सेवा खरिद गरिनु पर्दछ ।

| परामर्शसेवा | परामर्शदाता | सम्झौतारकम |
|---|---|---|
| नहाँगाउँभल्मचिङ्गाडअन्तरपालिकासडकनिर्माणविस्तृतआयोजनाप्रतिवेदन | कर्णालीकन्सल्टेन्सीएण्डट्रेनिङ्ग | ४९५८०४ |
| गौशालानिर्माणविस्तृतआयोजनाप्रतिवेदन | सिम्ताइन्जिनियरिङ्गकन्सल्टेन्सी | ४८५०९४ |
| नहाँगाउँभल्मचिङ्गाडअन्तरपालिकासडकनिर्माणआइ.ई.ई. निर्माण | दिपमालाइन्जिनियरिङ्गसोलुशन | ४८७४३८ |
| संगठनतथाव्यवस्थापनसर्वेक्षण | एन.के.एस.सी.ओ. कन्सल्टिङ्गग्रुपप्रा.लि. | ४९९४६० |

७१ **कारोबारको लेखा**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(१) बमोजिम गाउँपालिका तथा नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण तोकिए बमोजिम हुने तथा उप-दफा २ मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा रान्नु पर्ने व्यवस्था छ । जसको लागि कार्यन्वयन गर्न एकिकृत आर्थिक संकेत तथा वर्गिकरण कार्यविधि, २०७४ लागु भएको छ । पालिकाले सो कार्यविधि आंशिक रुपमा पालना गरेको देखिन्छ । पालिकाले अधिकांश खर्च शिर्षकहरु तोडमोड् गरी निर्माण गर्नुको साथै कार्यविधि बमोजिम निर्माण भएको शिर्षकबाट सोको व्याख्यामा नपरेको शिर्षकमा खर्च गरेको देखिन्छ । कानून विपरित एक शिर्षकबाट अन्य कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.नं./मिति | विवरण | खर्च भएको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| ३४-०८०/०६/२१ | भ्रमणखर्चभुक्तानी | पदाधिकारीअन्यसुविधा (२११४२) | भ्रमणखर्च (२२६१२) | ३०८८२ |
| ४२-०८०/०६/२४ | भ्रमणखर्चभुक्तानी | पदाधिकारीअन्यसुविधा (२११४२) | भ्रमणखर्च (२२६१२) | २०७०० |
| ५८-०८०/०६/२६ | भ्रमणखर्चभुक्तानी | पदाधिकारीअन्यसुविधा (२११४२) | भ्रमणखर्च (२२६१२) | २११०० |
| ८५-०८०/०७/२२ | मर्मतखर्चभुक्तानी | पदाधिकारीअन्यसुविधा (२११४२) | सवारीसाधनमर्मतखर्च (२२२१३) | १४७३० |
| ६४८-०८१/०३/२३ | वैठकखर्चभुक्तानी | पदाधिकारीअन्यसुविधा (२११४२) | पदाधिकारीवैठकभत्ता (२११४१) | ३८४०० |
| ६६३-०८०/०३/२४ | भ्रमणखर्चभुक्तानी | पदाधिकारीअन्यसुविधा (२११४२) | भ्रमणखर्च (२२६१२) | १५६०० |
| ३७२-०८१/०१/१० | करारकर्मचारीकोतलबभत्ता | पोशाक (२११२१) | करारसेवाशुल्क (२२४१३) | २६४००० |
| ४८५-०८१/०२/२२ | करारकर्मचारीकोतलबभत्ता | पारिश्रमिक(२११११) | करारसेवाशुल्क (२२४१३) | ५७२२० |
| ५१९-०८१/०३/११ | सूचनाप्रकाशन | संचारमहशुल (२२११२) | पत्रपत्रिका, छपाईतथासूचनाप्रकाशनखर्च (२२३१५) | १३०००० |
| | फिल्डभत्ताभुत्तानी | संचारमहशुल (२२११२) | फिल्डभत्ता (२११३३) | ४७००० |
| ५१९-०८१/०३/१८ | सूचनाप्रकाशन | संचारमहशुल (२२११२) | पत्रपत्रिका, छपाईतथासूचनाप्रकाशनखर्च (२२३१५) | २५०४९८ |
| ४७-८०/०९/२१ | कार्यालयसामाग्रीखरिद | मेशिनरीऔजार (३११२२) | कार्यालयसामाग्रीतथामसलन्द (२२३११) | ४२९३७० |
| १७३-०८१/१/२५ | कार्यालयसामाग्रीखरिद | मेशिनरीऔजार (३११२२) | कार्यालयसामाग्रीतथामसलन्द (२२३११) | २३०७२७ |
| ३०५-८१/३/२३ | कार्यालयसामाग्रीखरिद | अन्यसार्वजनिकनिर्माण (३११५९) | कार्यालयसामाग्रीतथामसलन्द (२२३११) | ५०५८९५ |
| **जम्मा** | | | | **२०५६१२२** |

७२ **कर बिजक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) मा नेपाल सरकारबाट हुने सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा जम्मा हुने गरी गर्नु पर्ने व्यवस्था छ । पालिकाले विविध खर्च अन्तर्गत गणेश नास्ता पसलबाट रु.८,६१,९१४/- को कारोबार गरेकोमा उक्त रकम विकास अधिकारीलाई भुक्तानी गरेको देखिन्छ । सरकारी कारोवार गर्दा सम्बन्धित फर्मको खातामा भुक्तानी गर्ने व्यवस्थाको पालना गर्नुपर्दछ ।

७३ **जिन्सी दाखिला नभएको**

सार्वजनिक सम्पतिको लेखाङ्कन र प्रतिवेदनका लागि महालेखा नियन्त्रक कार्यालयको च. नं. ११ मिति २०७७।०४।१२ को परिपत्र एवं नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/स्थानीय तहका कार्यालयहरुले सरकारी सम्पतिको व्यवस्थापन अनिवार्य रुपमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मार्फत गर्नु पर्ने व्यवस्था छ। पालिकाले तपशिल बमोजिमका सामाग्रीहरु वडाबाट खरिद गरेकोमा PAMS मा प्रविष्टि गरेको छैन। उक्त जिन्सी सामानहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | विवरण | भुक्तानीरकम |
|---|---|---|
| २५५-०८०/११/१० | नहाँगाउँभल्मचिङ्गाडअन्तरपालिकासडकनिर्माणविस्तृतआयोजनाप्रतिवेदन | ४९५८०४ |
| २५७-०८०/११/१० | नहाँगाउँभल्मचिङ्गाडअन्तरपालिकासडकनिर्माणआइ.ई.ई. निर्माण | ४८७४३८ |
| २१७-०८०/०९/२० | सिम्ताकोपर्यटकिय, धार्मिक, ऐतिहासिकरपुरातात्विकक्षेत्रकोअध्ययन | १५०००० |
| १७६-०८०/०९/२० | Installation and maintenance CCTV | १२६५३२ |
| २७२-०८०/११/१५ | संगठनतथाव्यवस्थापनसर्वेक्षण | ४९९४६० |
| | **जम्मा** | **१७५९२३४** |

| प्रमाण पेश नगरेको | १७,५९,२३४ |
|---|---|

## ७४ विज्ञापन

विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७ को ११(क)(२) मा १ बमोजिम विज्ञापन एजेन्सी मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिस्पर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.१७,९०,४९८/- खर्च गरेको छ । पालिकाले सूचना तथा विज्ञापनमा करिब १५ प्रतिशतसम्म छुट लिने गरेको देखिन्छ । विज्ञापनको प्रतिस्पर्धा आव्हान गर्दा कम (सुर्खेत जिल्लाका अन्य निकाय, स्थानिय तहहरुको अभ्यासमा हेर्दा विज्ञापन प्रतिस्पर्धाको माध्यमबाट करिब ९३ प्रतिशत सम्म छुट भएको देखिन्छ) मुल्यमा विज्ञापन प्रकाशन गर्न सक्ने अवस्था रहेको छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सुचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

## ७५ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पचीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।पालिकाले यस वर्ष गाउँपालिका र शसर्तको बजेटबाट सोझै खरिद रु.६२,२४,९३१/- र सिलबन्दी दरभाउ मार्फत रु.१४,०७,८७६/- गरी जम्मा रु.७६,९३,७९१/- को औषधि खरिद गरेको छ ।यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन्ः

७५.१ **खरिद व्यवस्थाः** औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ । औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७५.२ **टुक्रा पारी खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले औषधि खरिदका लागी रु.३३,८९,५७९/- को लागत अनुमान स्वीकृत गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट डालिमा मेडिसेल्स प्रा.लि. सँग रु. १५,८०,२८६/- (५३.८% घटी ) मा खरिद सम्झौता गरी रु.१४,०७,८७६/- को औषधी खरिद गरेको छ । नियमावलीको प्रावधान बमोजविम रु. ५० लाख भन्दा बढीको औषधीजन्य खरिदमा राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी खरिद कार्य गर्नु पर्नेमा पालिकाले टुक्रा पारी रु. १५ लाख ८० हजारको औषधी सिलबन्दी दरभाउपत्रको माध्यमबाट र रु. ६२ लाख २५ हजारको औषधी सोझै वार्ताबाट गरी जम्मा रु. ७६ लाख ९४ हजारको औषधी खरिद गरेकोमा बोलपत्र आह्वान गरेको

देखिएन । पालिकालाई वार्षिक रुपमा आवश्यक पर्ने औषधीको माग संकलन गरी रु. ५० लाख भन्दा बढीको औषधी खरिद गर्नु पर्दा बोलपत्रको माध्यमबाट खरिद कारबाही गर्नु पर्नेमा प्रतिस्पर्धा नगराई सीमित औषधी सिलबन्दी दरभाउपत्रको माध्यमबाट र बाँकी औषधी सोझै खरिद गरेको हुँदा खरिद कारबाही नियमसम्मत भएको देखिएन । सिलबन्दी दरभाउ आह्वान गर्दा सबैभन्दा घटी कबोल गर्ने आपुर्तिकर्ता ५३.८ प्रतिशत घटीमा औषधी आपुर्ति गर्न सहमत भएकोमा रु. ६२ लाख २५ हजारको औषधीमा प्रतिस्पर्धा नगराई सोझै वार्ताबाट खरिद गर्दा रु.३३,४९,०१२/- महंगो गरी औषधी खरिद गरेको देखिन्छ । तोकिएको सीमा भन्दा बढीको औषधी खरिद गर्दा टुक्रा पारी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुका साथै पालिकाले औषधीको वार्षिक आवश्यकता पहिचान गरी वार्षिक खरिद योजना तयार गरेर बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्नु पर्दछ।

७६ **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय पालिकाले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ । कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

७७ **सहभागी भत्ता**

सिम्ता गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ को दफा १४ (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत सञ्चालन हुने कार्यक्रममा प्रशिक्षक, स्रोत व्यक्ती, सहभागी तथा कार्यपत्र प्रस्तुतकर्ताको पारिश्रमिक भुक्तानी उल्लेखित व्यवस्था बमोजिम हुने व्यवस्था रहेको छ । सो निर्देशिकामा सहभागिलाई सहभागि भत्ता दिने सम्बन्धमा कुनै व्यवस्था रहेको देखिदैन । पालिकाले तालिम, सेमिनार, गोष्ठिमा उल्लेखित निर्देशिकामा उल्लेख नभएको सहभागि भत्ता, सवारी साधन प्रदान गरेको पदाधिकारी तथा कर्मचारीलाई यातायात भत्ता उपलब्ध गराएको देखिन्छ । निर्देशिकामा उल्लेख नभएको सहभागि भत्ता तथा दोहोरो रुपमा यातायात भत्ता भुक्तानी गरेको रकम पालिकाले जाचँबुझ गरी असुल दाखिला गर्नुपर्दछ ।

७८ **सुशासन समिति**

कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११ तर वाक्याशंमा विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यले बढीमा वार्षिक बाह्रवटा बैठकको लागि प्रतिबैठक पाँचसय रुपैयाँका दरले समिति भत्ता पाउने व्यवस्था छ । निम्नानुसार सुशासन समितिले उल्लेखित दरभन्दा रु.१०,२००/- बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| पद | नाम/थर | जम्मारकम (करसहित) | भुक्तानीरकम | बढीभुक्तानी रकम |
|---|---|---|---|---|
| प्र.प्र.अधिकृत | भलारामपंगाली | ४५०० | ३८२५ | २५५० |
| आन्तरिकलेखापरीक्षक | निरोजविक्रमशाही | ६००० | ५१०० | ३४०० |
| कार्यपालिकासदस्य | निशाबस्नेतपुन | ३००० | २५५० | १७०० |
| कार्यपालिकासदस्य | कुशुमीसुनार | ३००० | २५५० | १७०० |
| सहायकचौथो | सुनितापौडेल | १५०० | १२७५ | ८५० |
| | **जम्मा** | **१८०००** | **१५३००** | **१०२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

७९ **वडा समिति बैठक**

सिम्ता गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ को दफा ४(ख) बमोजिम अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षता बाहेक अन्य पदाधिकारी वा कर्मचारीको अध्यक्षतामा हुने बैठकमा प्रति वैठक एक हजार दुई सय भुक्तानी गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले प्रतिमहिना २ वटाका दरले वार्षिक २४ वटा बैठकको एक हजार पाँच सयका दरले वडा समिति बैठक भत्ता भुक्तानी गरेको छ । निर्देशिकामा उल्लेखित दरभन्दा प्रतिबैठक तीन सयका दरले भत्ता भुक्तानी गरेको रु.१,७१,३६०/-असुल गर्नुपर्ने रु.

| पद | नाम/थर | बैठक संख्या | बढि भुक्तानी दर | जम्मा | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| कार्यपालिका सदस्य | निसा बस्नेत पुन | २४ | ३०० | ७२०० | ६१२० |
| कार्यपालिका सदस्य | कुशुमी सुनार | २४ | ३०० | ७२०० | ६१२० |
| कार्यपालिका सदस्य | चन्द्रकला शाहि सिंह | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | कर्ण बहादुर रावत | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | खगेन्द्र कुमार सापकोटा | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | खिम बहादुर घर्ती मगर | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | खिमसरा वि.क. | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | टोप बहादुर खड्का | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | डम्मर बहादुर खत्री | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | डिला गिरी | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | तिलक बहादुर बुढा | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | दोकल बहादुर बुढा | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | नर बहादुर कामी | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | नोखि टमटा | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | प्रेम सिँह ठकुरी | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | प्रविण थापा | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | भिमा मल्ल | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | ममता परियार | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | लक्षिमा बुढा मगर | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | वीर बहादुर बुढा क्षेत्री | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | शान्ता वि.क. | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | शिव बहादुर घर्ती | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | सीता कुमारी वि.क. | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | हुमि वली | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | दिपा सुनार | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | मिना खत्री | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सदस्य | रमिता सुनार | २४ | ३०० | ७२०० | ६१२० |
| वडा सचिव ८ | कमला वली | २४ | ३०० | ७२०० | ६१२० |
| जम्मा | | | | २०१६०० | १७१३६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७१,३६० |

८० **अनुगमन भत्ता**

सिम्ता गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ को दफा ३(२) मा उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यलय समयमा बसेको बैठकको बैठक भत्ता भत्ता उपलब्ध नगराइने व्यवस्था रेहको छ । पालिकाले अनुगमन समितिको बैठक कार्यलय समयमा बसेको अवस्था तथा अनुगमनको पदाधिकारीलाई मासिक रुपमा अनुगमन सुविधा उपलब्ध गराएको अवस्थामा अनुगमन भत्ता उपलब्ध गराएको छ । उल्लेखित अवस्था बैठक भत्ता उपलब्ध गराएकोले कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी गरेको रु.१५,७२५/- असूल गर्नुपर्ने देखिएको रु.

| **पद** | **नाम/थर** | **जम्मा** | **खुदभुक्तानी** |
|---|---|---|---|
| सदस्य | भलारामपंगाली | ६००० | ५१०० |
| सदस्य | निशाबस्नेतपुन | ६००० | ५१०० |
| सहयोगि | विनोदहमाल | ६००० | ५१०० |
| का.स. | कृष्णविक्रमहमाल | ५०० | ४२५ |
| **जम्मा** | | | **१५७२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,७२५ |

८१ **विल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपा ्इ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले निम्न क्रियाकलापको भरपाई संलग्न नगरेकोले प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| **गो.भौ.नं./मिति** | **विवरण** | **भुक्तानीपाउने** | **रकम** |
|---|---|---|---|
| ७१-०८०/०७/१३ | भलिबल/नेट/पम्प (४०/४०वटा) रफुटबल१७वटा | संगमस्टेशनरीसेन्टरएण्डजनरलअर्डरसप्लायर्स | २६६८४९ |
| ५९४-०८१/०३/१८ | वडानं. ९मा२६३वटाछातावितरण | सम्झनाकटुवाल | १००००० |
| **जम्मा** | | | **३६६८४९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६६,८४९ |

८२ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँसभाको १५ औ अधिवेशनले नीति, बजेट तथा कार्यक्रम तर्जुमा र सभा सञ्चालन तथा व्यवस्थापनको अघि र पछिको अतिरिक्त समयमा खटिई कार्य गर्ने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी तोकेको कम्तिमा ५ जना कर्मचारीलाई प्रोत्साहन स्वरुप सुरु तलब स्केल बराबरको प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरेकोमा पालिकाले गो.भौ.नं.६०९/२०८१/०३/१९ बाट अतिरिक्त समय कार्य गरेको खुल्ने विवरण उल्लेख नगरी ६ जना कर्मचारीलाई रु.२,२२,४३३/- प्रोत्साहन भत्ता वितरण गरेको छ । सुरु तलब स्केल बराबरको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भएकोमा देहायका २ जना कर्मचारीलाई ग्रेड समेत समावेश प्रोत्साहन भत्ता भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| पद | नाम/थर | बढिभुक्तानीरकम |
|---|---|---|
| प्रमुखप्रशासकियअधिकृत | भलारामपंगाली | ७२८० |
| आन्तरिकलेखापरीक्षक | निरोजविक्रमशाही | ४६३२ |
| | **जम्मा** | **११९१२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९१२ |

८३ **बैठक भत्ता**

अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था बेगर कार्यालयले भौचर नं. १९१-०८०/०९/२१, ४६-२०८०/०९/२० र १३४ -०८०/०८/२४ देहायका कर्मचारी/पदाधिकारीहरुलाई रु.७८,५००/- रकम बैठक भत्ता उपलब्ध गराएको सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| पद | नाम/थर | जम्मा | भुक्तानीरकम |
|---|---|---|---|
| प्र.प्र.अधिकृत | भलारामपंगाली | ३४८०० | २९५८० |
| खा.पा.स.टे. सहायक | नबिनकुमारबुढा | १२००० | १०२०० |
| सहायकपाँचौ | अर्जुनकुमारराना | ३४८०० | २००० |
| का.स. | कृष्णबिक्रमहमाल | ६००० | ५१०० |
| अ.स.ई. | घनश्यामबस्नेत | ६००० | ५१०० |
| | बिनोदहमाल | ६००० | ५१०० |
| का.स. | रमेशबिसी | १०८०० | ९१८० |
| | अमृतरेग्मी | ६००० | ५१०० |
| ज.स्वा.नी | सन्तोषबुढा | ६००० | ५१०० |
| रोजगारसंयोजक | हरिबहादुरबुढा | २४०० | २०४० |
| **जम्मा** | | | **७८५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,५०० |

८४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका ६० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यामिक तह | ८ | ७ | ७ | ५६२ |
| २ | माध्यामिक तह | ३५ | ३५ | १७ | ८५३ |
| ३ | नि.मा.वि तह | ४९ | ४९ | २५ | १८०५ |
| ४ | प्रा.वि तह | १७० | १५५ | १५ | २७१० |
| ५ | बाल विकास | ६० | ६० | ६० | ८०८ |
| **जम्मा** | | **३२२** | **३०६** | **१२४** | **६७३८** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षक पदपूर्ति हुनुपर्दछ।

## ८५ न्यानो झोला खरिद

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुगमन गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस वर्ष रु.७९२.०३ दरमा ५५८ थानको रु.४९९४०९।– को न्यानो झोला खरिद गरेकोमा यस पालिका अन्तर्गत यस वर्ष २८१ जना प्रसुती भएको अभिलेखबाट देखिन्छ।खरिद भएका २५० थान बढी झोलाहरु भण्डारमा रहेका छन्।खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन।तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।लामो समय भन्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

## ८६ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १(२) अनुसार वार्षिक आयमा कर गणना गरी भुक्तानी दिँदा पारिश्रमीक कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले जनस्वास्थ्य निरीक्षक ललित प्रकाश मल्लको पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर रु.७,२१७/- कट्टी नगरेको देखिएकोले नियमानुसार असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२१७ |

## ८७ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले विशाल साइन्स एण्ड सर्जिकल सप्लायर्स बाट १३ हजार ३ सय ३३ थान स्यानिटरी प्याड रु.९ लाख ९९ हजार (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले खरिद गरेको १३ हजार ३ सय थान मध्ये ५ हजार ३ सय थान वितरण गरेको भरपाई पेश गरेकोमा बाँकी ८ हजार थान भन्डारमा रहरेको हुनाले खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

## ८८ शिर्षक फरक पारी खर्च लेखेको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संघ तथा प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान रकम स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।त्यस्तै, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान

अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धि मार्गदर्शनको प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत कर्मचारीको तलब, महंगी भत्ता, स्थानीय भत्ता र पोशाक लगायतका अनिवार्य दायित्वमा बाहेक अन्य दायित्वमा रकम विनियोजन गर्न नपाईने र एकिकृत संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ मा पारिश्रमिक कर्मचारी (२११११) बाट खर्च लेख्न मिल्ने व्यवस्था उल्लेख गरेको छ।पालिकाले संघिय सशर्त चालु अनुदानको स्वास्थ्य तर्फको पारिश्रमिक कर्मचारी खर्च शिर्षक नं २११११ बाट प्राप्त अनुदान देहायका अन्य शीर्षकमा खर्च गरेको छ। कानूनको प्रावधान वेगर पारिश्रमिक कर्मचारी (२११११) शीर्षकबाट अन्य शीर्षकमा खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| क्र.स | भौ.नं र मिति | खर्च विवरण | रकम |
|---|---|---|---|
| १ | ३०/०८०/०७/०१ | भ्रमण भत्ता | ९५०० |
| २ | ३१/०८०/०७/०१ | विद्युत महशुल | ३३९५ |
| ३ | ३२/०८०/०७/१३ | भ्रमण भत्ता | ७१८०० |
| ४ | ४२/०८०/०७/२३ | ईन्टरनेट र भ्रमण भत्ता | २४४७२ |
| ५ | ४४/०८०/०८/१९ | विद्युत महशुल | ३४३५ |
| ६ | ५३/०८०/०८/२१ | मोटरसाईकल मर्मत र भ्रमण भत्ता | ४३५०० |
| ७ | ५४/०८०/०८/२१ | विद्युत महशुल | १९९८२ |
| ८ | ५७/०८०/०८/२५ | भ्रमण भत्ता | ३४८०० |
| ९ | ५९/०८०/०८/२७ | व्यवस्थापन तथा विद्युत मिटर जडान खर्च | ३४३३० |
| १० | ६७/०८०/०९/१७ | भ्रमण भत्ता | २८९५० |
| ११ | ६९/०८०/०९/१९ | घरभाडा भुक्तानी | ६६००० |
| १२ | ८६/०८०/१०/०९ | कार्टेज,ल्यापटप चार्जर र एन्टीभाईरस खरिद | २८५०० |
| १३ | ८८/०८०/१०/१६ | मोटरसाईकल मर्मत,ईन्टरनेट र स्वास्थ्य सुचक फ्लेक्स खरिद | ५२३८१ |
| १४ | ९०/०८०/१०/१६ | भ्रमण भत्ता | ४४०० |
| १५ | ९१/०८०/१०/१७ | स्कुटर मर्मत | १०१५५ |
| १६ | ९२/०८०/११/०९ | कार्यसंचालन र मोटरसाईकल मर्मत खर्च | ३८९५० |
| १७ | ९७/०८०/११/१० | मोटरसाईकल मर्मत | १७४७० |
| १८ | १०१/०८०/११/१५ | ल्याब सामान खरिद | ९८५४७ |
| १९ | ११३/०८०/११/२२ | औषधि ढुवानी र भ्रमण खर्च | ३३६०० |
| २० | ११४/०८०/११/२९ | भ्रमण भत्ता | १९३५० |
| २१ | १२२/०८०/१२/१५ | विद्युत महशुल र भ्रमण भत्ता | १९५२० |
| २२ | १२७/०८०/१२/२५ | पानी महशुल र भ्रमण भत्ता | ८०१९५ |
| २३ | १३१/०८०/१२/२६ | मोटरसाईकल मर्मत र स्वास्थ्य चौकी संचालन खर्च | २७९०० |
| २४ | १३६/०८०/१२/१८ | पदपूर्ति समितिको बैठक भत्ता | ३६००० |
| २५ | १४०/०८१/०१/०९ | औषधि तथा सर्जिकल सामाग्री खरिद | ९९८१२२ |
| २६ | १४६/०८१/०१/११ | मोटरसाईकल मर्मत तथा कार्यालय सामाग्री | १८१९९ |
| २७ | १५३/०८१/०१/२४ | मोटरसाईकल मर्मत तथा भ्रमण भत्ता | २२९२२ |
| २८ | १६४/०८१/०२/१४ | भ्रमण भत्ता र स्वास्थ्य चौकी संचालन वापतको खर्च | ५२८९० |
| २९ | १६८/०८१/०२/१५ | मोटरसाईकल मर्मत र विद्युत महशुल | २१५३२ |
| ३० | १७०/०८१/०२/१७ | कार्यालय संचालन खर्च | ३८४०० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | १८२/०८१/०२/२२ | पानी तथा विद्युत महशुल | ४२८१२ |
| ३२ | १९७/०८१/०३/०९ | आईडी कार्ड खरिद | ४४१०० |
| ३३ | २००/०८१/०३/०९ | सञ्चार खर्च,मोटरसाईकल मर्मत र सेवाकालीन तालीम भ्रमण भत्ता | ७३४९० |
| ३४ | २०४/०८१/०३/१० | घरभाडा,मोटरसाईकल मर्मत र कार्यालय संचालन खर्च | ६८५०० |
| ३५ | २०९/०८१/०३/११ | मोटरसाईकल मर्मत तथा भ्रमण भत्ता | ५४६६५ |
| ३६ | २२८/०८१/०३/१३ | मोटरसाईकल मर्मत | १९९९० |
| ३७ | २५०/०८१/०३/१८ | सामाजिक परीक्षण वापतको खर्च | १६५४३२ |
| ३८ | २६५/०८१/०३/१९ | स्वास्थ्य चौकी मर्मत तथा गाडी भाडा खर्च | १३०००० |
| ३९ | २६६/०८१/०३/१९ | सामाग्री खरिद | २३६६७८ |
| ४० | २७०/०८१/०३/२० | स्वास्थ्य शाखाका विभिन्न छपाई | २९७४८२ |
| ४१ | २७२/०८१/०३/२० | राउटर खरिद र फ्लेक्स छपाई | ३५१९८ |
| ४२ | २८२/०८१/०३/२३ | कार्यालय सामग्री र मोटरसाईकल मर्मत | ६३०३९ |
| ४३ | २८६/०८१/०३/२३ | भ्रमण भत्ता | ५८२५० |
| **जम्मा** | | | **३२४८८३३** |

| | |
|---|---|
| अनियमित भएको | ३२,४८,८३३ |

८९ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय सम्बन्धि मापदन्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९० **निःशुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

९१ **कृषी पशु अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट समुह र व्यक्ती गरी ९६३९ जनाको लागि रु.४४,६४,२९०/- खर्च भएको व्यहोरा

निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **कृषि तर्फः** | | | | |
|---|---|---|---|---|
| **क्र.स** | **कार्यक्रम** | **कामको विवरण** | **रकम** | **लाभान्वित संख्या** |
| १ | कृषि प्रसार,खाद्यसुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम | खुर्सानी,करेला,वोडी रसिमिको बिउ वितरण | २९९६९० | ७०० |
| २ | आलु पकेट विकासकार्यक्रम निरन्तरता | आलु बिउ वितरण र तालिमतथा अन्य क्रियाकलाप | ४८५२०० | ६७ |
| ३ | एक गाउँ एक मौरीपालनकार्यक्रम | टोपि,पन्जा,क्विनगेट,ब्रस,एप्रोन र मौरी घार | २५०००० | ५ |
| ४ | एक वडा एक च्याउफर्मकार्यक्रम | च्याउ बिउ,टनेलपलाष्टिक,स्प्रे टयांङ्की र ड्रिल मेसीन | १००००० | ४ |
| ५ | एक घर एक करेसावारी कार्यक्रम | तालिम,अभिमुखिकरण रसुन्तला विरुवा वितरण | २००००० | १०४ |
| ६ | वाली उपचार शिविरकार्यक्रम | किटनाशक र ढुशिनासकविषादी वितरण र परामर्श | २९८४०० | ६०० |
| ७ | एक वडा एक नर्सरीकार्यक्रम | लप्सिको बिउ,ग्रीननेट,पोलि व्याग,पाईप,सिकेचर | १५०००० | ३ |
| ८ | वाली संरक्षणसेवा | किटनाशक र ढुशिनासकविषादी वितरण | ४६०००० | १२८६ |
| **जम्मा** | | | **२२४३२९०** | **२७६९** |
| **पशु तर्फः** | | | | |
| **क्र.स** | **कार्यक्रम** | **कामको विवरण** | **रकम** | **लाभान्वित संख्या** |
| १ | बाख्रा पकेट निरन्तरताकार्यक्रम | खोर निर्माण,बवकावितरण र नर्सरी स्थापना | ६९८००० | २० |
| २ | महामारी रोग नियन्त्रणकार्यक्रम | खोप तथा औषधि वितरण | १००००० | ८० |
| ३ | रेविज रोग नियन्त्रणकार्यक्रम | कुकुरमा रेविजविरुद्धको खोप संचालन | २२३००० | ४०५ |
| ४ | पशुपन्छीको औषधिनिशुल्क वितरण | औषधि वितरण | ९००००० | २७६५ |
| ५ | पशुस्वास्थ्य सर्जिकलतथा ल्याब सामग्री व्यवस्थापन | खसि पार्ने मेसिन तथासर्जिकल सामग्री वितरण | २००००० | ३५०० |
| ६ | महामारी रोग नियन्त्रणकार्यक्रम | महामारी नियन्त्रणजन्य सामग्री वितरण | १००००० | १०० |
| **जम्मा** | | | **२२२१०००** | **६८७०** |

## ९२ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा १९ वटा योजना सञ्चालन गरी ७९ जनालाई १०० दिनले रोजगारी उपलव्ध गराई रु.३६,१४,४३१.९४/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० र न्यूनतम ५० दिन रोजगार पाएतापनि सुचिकृत भएका २०४० व्यक्ति मध्ये ७९ बाहेक १९६१ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी

सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## ९३ मुख्यमन्त्री रोजगार कार्यक्रम

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ अनुसार पालिकामा ९ वटा योजना सञ्चालनमा विनियोजित रु. १ करोड ३५ लाख मध्ये रु.१ करोड ४२ हजार खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

९३.१ **रोजगारी स्थिति** : कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले ९ वटा कार्यक्रममा श्रमिक ज्याला रु.८४,०१,१३४।– तथा सामाग्री खरिदमा रु.४५,४०,९६९।– खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० दिन र न्यूनतम ५० दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति २०४० जनाले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ९ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका २१५ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

९३.२ **सार्वजनिक लेखापरीक्षण** : मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

## ९४ सवारी साधन नविकरण जरिवाना

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा ९ को उपदफा (१) अनुसार सरकारी खर्चको मितव्ययी र उपलब्धिपुर्ण तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको सवारी साधनको समयमै सवारी नविकरण गरेको देखिदैन। सवारीसाधन समयमै नविकरण नगर्दा थप आर्थिक नगर्दा रु.७,३२५/- थप व्यय भार परेको छ । पालिकाले सवारी साधन समयमै नविकरण गर्नुपर्दछ।

| सवारी साधन नम्बर | जरिवाना रकम रु. |
|---|---|
| भे १ ब ५८७ | १३५ |
| क प्र ०२-००१ ब ०४५९ | १२८० |
| क प्र ०२-००१ ब ५०८ | २१५ |
| भे १ब ८०३ | ४३० |
| क प्र ०२-००१ प३५७२ | १२८० |
| क प्र ०२-००१ब ०४५६ | १२८० |
| भे १ब ७७७ | २१५ |
| भे १ब ७७५ | २१५ |
| भे १ झ २५२ | ६७५ |
| बा १ झ ४०२८ | १६०० |
| **जम्मा** | **७३२५** |

## ९५ राजश्व दाखिला

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८को उपदफा(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा सोको भोलीपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ भने । पालिका अर्न्तगतका निम्न वडा कार्यालयले राजस्व नगदि रसिद र सुत्रबाट बाट नगदी भौचर काटिएको तर बैङ्क दाखिला गरेको देखिँदैन।उक्त रकम असुल गरि राजश्व दाखिला हुनुपर्ने रु.

| वडानं | जिम्मेवारव्यक्ति | बापत | असुली रकम रु. | बैंक दाखिलाभएको रु. | बैङ्क दाखिलाबाँकी रु. |
|---|---|---|---|---|---|
| २ | शोभाखड्का | मालपोतपञ्जिकरण सेवा शुल्क | ३२२०२० | ३०८११४ | १३९०६ |
| ८ | तिलकबहादुर नेपाली | मालपोतपञ्जिकरण सेवा शुल्क | ३८७९९० | २९२७६३ | ९५२३६ |
| **जम्मा** | | | **७१००१०** | **६००८७७** | **१०९१४२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०९,१४२ |

## ९६ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) बमोजिम कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तीन सदस्यीय समिती गठन गरी सो समितीबाट निरिक्षण गरी गराइ महालेखा परीक्षकबाट स्विकृत ढाँचामा सम्पती तथा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले सम्पती तथा जिन्सी मालसामानको भौतिक निरिक्षण गरेको छैन ।नियमावलीमा भएको व्यवस्था बमोजिम पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

## ९७ आन्तरिक लेखा परिक्षण

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ९६ (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व धरौटी तथा विनियोजन तर्फको आयव्यय प्रचलित कानुन बमोजिम खडा भएको कार्य सञ्चालन कोष तथा अन्य सार्वजनिक कोषको आन्तरिक सम्बन्धित प्रदेश लेखा निगन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्षको सञ्चितकोष, धरौटी, बिबिध खर्च खाता र प्रकोप ब्यबस्थापन कोषको कारोबारको आन्तरिक लेखापरीक्षण वर्षान्त पछी मात्र गराएको छ भने पालिकामा प्रदेश सरकार,

आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत निकासा भएको रु.२,४०,०००।– को प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरिक्षण गराइएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको समयमै आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९८ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा वापत रु.१०,५७,३२,२४१।– खर्च लेखेको छ । सामाजिक सुरक्षा भत्ता विवतरण सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

९८.१ **अभिलेख अद्यावधिक :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९८.२ **विवरणको समिक्षा**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिम्ता गाउँपालिका, सुर्खेत , सिम्ता गाउँपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भलाराम पंगाली | २०८०-१-४ | २०८१-५-२७ |
| कार्यालय प्रमुख | राजेन्द्र कुमार चन्द | २०८१-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | याम लाल पौडेल | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८७२,०३२ | २०,०९८,५३४ | २३,५२०,५८३ | ० | ० | ७,४४८,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५१,९३९,१४९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फच्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५१,९३९,१४९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८७६३३५६१.४१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८००२८६६२.४२ | चालु खर्च | ४१९८२०१३४.३२ |
| प्रदेश सरकारबाट अनुदान | ४५४७१८१५ | पूँजीगत खर्च | १२६१५८६२८ |
| राजश्व बाँडफाँट | ९४६१५६४६.८९ | वित्तीय/अन्य व्यवस्था | २४५४३९५१३.२३ |
| आन्तरिक आय | ६४१०१५९.० | | |
| अन्य आय | २०१५४८९८२.१२ | | |
| कुल आय | ७२८०७५२६५.४३ | कुल खर्च | ७९१४१८२७५.५५ |
| बाँकी मौज्दात | | २४२९०५५१.२९ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचना निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनामा तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा दर्शाइएका सुझावहरु कार्यान्वयन हुनु पर्दछ ।

- पालिकामा निर्माणाधीन भौतिक संरचनाहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।